म.जि. प्र. का. द.नं. : १०६/०६८, | वर्ष १३, | अंक ३८ | बुधबार २० भदौ २०८० | ने. सं. ११४३ गुंलागा | 6 September 2023 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**दुषित पानीका कारण हुने रोगप्रति सजग रहौं**

फोहर पानी पिउनाले झाडापखाला, हैजा, टाइफाइड, आउँ, जण्डिस जस्ता रोग लाग्न सक्छ।

त्यसैले:

- खोला, धारा वा मुलको पानी सिधै नपिऔं।
- पानी उमालेर मात्र पिऔं।
- उमाल्न सम्भव नभएमा शुद्धीकरण गरेर मात्र पिऔं।
- पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# खानेपानीको दीर्घकालीन स्रोत खोज्दै हेटौंडा

## विकल्पमा तीनवटा स्रोत

साझाकुरा संवाददाता

हेटौंडा, १९ भदौ/बढ्दो सहरीकरणलाई मध्यनजर गर्दै हेटौंडा उपमहानगरपालिकाले खानेपानीको दीर्घकालीन स्रोत खोज्न थालेको छ ।

बजार स्थापनादेखि खानेपानीको समस्यामुक्त सहरको रुपमा रहेको हेटौंडामा आगामी वर्षमा पनि अभाव खट्किन नदिन खानेपानीको दीर्घकालीन स्रोत खोजी थालिएको हो । हेटौंडामा प्रदेश राजधानी भएपछि जनसंख्या बढ्दो छ । नगरपालिकाबाट उपमहानगर पालिका भएपछि थपिएका साविकका वडाहरुमा पनि पानीको उपलब्धता गराउनुपर्नेमा उपमहानगर छ । तसर्थ, बढ्दो सहरीकरण र जनघनत्व, साविकको वडाहरुमा पानीको उपलब्धतालाई ध्यानमा राखेर खानेपानीको दीर्घकालीन स्रोतको खोजी गर्न लागिएको उपमहानगरका प्रवक्ता तथा १ नम्बर वडाअध्यक्ष सविन न्यौपानेले जानकारी दिए ।

मंगलबार बढ्दो जनसंख्या, साविकको क्षेत्र बढाउन र स्रोतको अभावलाई सुनिश्चितता गर्न दीर्घकालीन रुपमा पानीको अभाव न्यूनीकरण गर्नका लागि नगरप्रमुख मीनाकुमारी लामाको अध्यक्षतामा एकीकृत खानेपानी तथा सरसफाई एव्म व्यवस्थापन आयोजनाअन्तर्गत् छलफल गरिएको थियो । खानेपानी डिजाइन विज्ञहरु मदनकुमार डंगोल, विमल ढकाल, समाजशास्त्री प्रकाशभक्त श्रेष्ठ, खानेपानी व्यवस्थापन बोर्ड अध्यक्ष प्रतापविष्टसहित हेटौंडाका मेयर लामा, उपमेयर राजेश बानियाँ, वडाध्यक्ष सविन न्यौपानेलगायतका जनप्रतिनिधि र उपमहानगरकै योजना शाखाका प्राविधिकहरु सहभागी बैठकले तीनवटा विकल्पमा छलफल गरेको छ ।

हेटौंडा उपमहानगर नगरक्षेत्रको पानी वितरण गुरुयोजना बनाउन तीनवटा विकल्प पान्द्राङ मुहान, कुलेखानी तेस्रो टेलरेष्ट र राप्ती नदीको लालझाडी बोकेदह



लिफ्टिङ आयोजनाको सम्भाव्यता अध्ययन गर्ने निर्णय भएको प्रवक्ता न्यौपानेले जानकारी दिए । पान्द्राङ मुहान, कुलेखानी तेस्रो टेलरेष्ट र राप्ती नदीको लालझाडी बोकेदह लिफ्टिङ आयोजनाबाट दीर्घकालीन रुपमा पनि समस्या नहुने गरी पानी ल्याउन सम्भाव्यता अध्ययन गरिने भएको हो । पहिलो चरणमा अध्ययनपश्चात् हेटौंडा खानेपानी व्यवस्थापन बोर्डसँग छलफल गरी प्राथमिकताका आधारमा विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार गर्ने र हेटौंडा उपमहानगरपालिकाको पानी वितरण प्रणाली नक्सांकन आवश्यकताका आधारमा अन्य क्षेत्रमासमेत अध्ययन गर्ने निर्णय भएको छ ।

हाल हेटौंडामा पुरानै बुङ्दल खानेपानी र अन्य डीप बोरिङबाट पानीको उपलब्धता भइरहेको छ । मेयर लामाले जनतालाई स्वच्छ पिउने पानी उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरेअनुसार कार्यसम्पन्न गर्नका लागि दीर्घकालीन सोचको खोजीमा अहोरात्र खटिरहेको बताइन् । 'हामी जनतालाई स्वच्छ पानी उपलब्ध गराउने वाचा पूरा गरी छाड्ने छौं ।', लामाले भनिन् । उपमहानगरका प्रवक्ता न्यौपानेले पिउने पानीमा उपमहानगरलाई दीर्घकालीन समस्या आउन नदिन दीर्घकालीन योजनाका साथ उपमहानगरपालिका अगाडि बढेको बताए ।

बढ्दो जनसंख्या र क्षेत्रफलअनुसार उपमहानगरअन्तर्गत्को खानेपानी व्यवस्थापन बोर्डलाई सक्षम बनाउँदै आवश्यक पानीको स्रोत उपलब्ध गराउन उपमहानगर पालिकाले छिमेकी पालिकाहरुसँग सहकार्य र समन्वय गर्न सक्रियता पूर्वक लागेको उनको भनाई छ । पानीको स्रोत वृद्धिसँगै जनतालाई बोर्डमार्फत् निःशुल्क रुपमा पिउने पानी उपलब्ध गराउने पूर्वघोषित कार्यक्रममा उपमहानगर सक्रिय तरिकाले लागेको उनले जनाए । हेटौंडा खानेपानी बोर्ड अध्यक्ष प्रताप विष्टले बोर्डको पानी प्रशारण क्षेत्रमा हाल उपमहानगरको सहयोगमा १० हजार लिटर पिउने पानी निःशुल्क उपलब्ध गराएको बताए । उनले दीर्घकालीन रुपमा थप स्रोत खोज्दै गरेकाले सबै वडामा पानीको सहज उपलब्धताका लागि सम्भाव्यता अध्ययन गर्ने क्रममा यो चरणमा तीन वटा विकल्पमा तत्काल काम सुरु गर्ने जानकारी दिए ।

बोर्डले उपमहानगरका वडा नम्बर ३, ११, १२ र १३ नम्बर वडा बाहेकमा बसोबास गर्ने एक लाख ५५ हजार नगरवासीलाई दैनिक एक करोड ८८ लाख लिटर पानी वितरण गर्दै आइरहेको छ । करिब २३ हजार ५ सय धाराबाट दैनिक ६ देखि ७ घण्टा खानेपानी वितरण गर्दै आइरहेको बोर्डका अध्यक्ष विष्टले जानकारी दिए । हेटौंडा उपमहानगरले नगरबासीलाई राहतस्वरुप एक वर्षअघि अर्थात गत भदौमहिनादेखि न्यूनतम खानेपानी महशुलमा १० हजार लिटर छुटको व्यवस्था गरेको थियो । उपभोक्तालाई पानी वितरणको लागि बोर्डले गत आव २०७९/८० मा उपभोक्तासँगको सहकार्यमा २६ लाख ४२ हजार ५ सय ४ बराबरको २२ हजार ३ सय ३६ मिटर पाइप लाइन विस्तार गरेको थियो ।

बोर्डको सेवा क्षेत्रभित्र ४ लाख ३८ हजार रुपैयाँ बराबरको ३ हजार ८६ मिटर जीर्ण पाइप परिवर्तन गरेको बताइएको छ । बोर्डको सेवा क्षेत्रभन्दा बाहिर हेटौंडा उपमहानगरपालिकाको सिफारिसमा २८ लाख ३६ हजार ४ सय ५४ रुपैयाँ बराबरको ५१ हजार ९ सय २० मिटर पाइप उपलब्ध गराइएको छ । हेटौंडामा खानेपानी अभाव हुन नदिन बोर्ड हरसम्भव प्रयासमा पनि लाखेको देखिएको छ । यसअघि पानीको अभाब हुने क्षेत्रमा ट्याङकर बाट पानी बितरण गर्न थालेको खानेपानी बोर्डले रातारात बोरिङ गरेर थप पानी उत्पादन गरेको थियो । दैनिक १० लाख लिटर पानी बोर्डको आपूर्ति प्रणालीमा गत जेठमा थपिएको छ ।

सामरी खोलामा बोरिङ गरेर सुख्खायाममा पानी आपूर्ति गर्ने व्यवस्था मिलाइएको बोर्डका अध्यक्ष बिष्टले जानकारी दिए । खानेपानी व्यावस्थापन बोर्डले यसअघि पानीको अभाब भएका क्षेत्रहरुमा ट्याङकरबाट खानेपानी वितरण गर्न थालेको थियो । लामो समयदेखिको खडेरोले खानेपानी उत्पादनमा कमी आएकोले पानी वितरण प्रर्याप्त हुन नसकेपछि उपभोक्तालाई ट्याङकरबाट पानी वितरण गर्न परेको बिष्टले बताए । सुख्खायामका कारण पानीको मुहान समेत सुक्दै गएकाले उपभोक्ताका धारामा पानी आउन छोडेको गुनासो नगरबासीले गर्दै आइरहेका थिए । उपभोक्ताको गुनासो सम्बोधनका लागि पनि उपमहानगर दीर्घकालीन स्रोतको खोजीमा जुटेको हो ।

# मकवानपुरको शिवालय बिल्डर्ससहित १३ कम्पनी कालोसूचीमा

साझाकुरा संवाददाता

हेटौंडा, १९ भदौ/ सरकारले निर्माण न्यौपाने र रोशन खड्का नेतृत्वको शिवालय बिल्डर्स प्रालि मकवानपुरलाई कालोसूचिमा राखेको छ । औद्योगिक व्यवस्थापन लिमिटेड र हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय पशुपतिनगर ले पठाएको पत्र अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय अन्तर्गतको सार्वजनिक खरिद अनुगमन कार्यालयले कालोसूचिमा राखेको हो ।

कार्यालयले मंगलबार निकालेको सार्वजनिक सूचना अनुसार शिवालय बिल्डर्स प्रालिलाई दुईवर्षको अवधिका लागि कालोसूचिमा राखेको छ । कालोसूचीमा परेको शिवालय बिल्डर्सले भदौ १९ गतेदेखि कालोसूचीमा राखिएको अवधिभर सार्वजनिक निकायको कुनै पनि सार्वजनिक खरिद कार्यमा भाग लिन नपाउने जनाइएको छ ।

मंगलबार सार्वजनिक गरेको सूचनामा शिवालय बिल्डर्स सहित १३ कम्पनी कालोसूचिमा छन् । तीन निर्माण कम्पनीलाई २ वर्ष, दुई निर्माण कम्पनीलाई २ वर्ष, एक निर्माण कम्पनीलाई डेढ वर्ष र अन्य ७ निर्माण कम्पनीलाई एक वर्षसम्मका लागि कालोसूचीमा राखिएको छ ।

गणेशसिंह साउद र केशरबहादुर साउद मुख्य व्यक्ति रहेका गणपति कन्स्ट्रक्सन कञ्चनपुर, प्रवीन ब्रह्मदेव पाण्डे मुख्य व्यक्ति र सुवास श्रेष्ठ आधिकारिक व्यक्ति रहेको तथ्या इञ्जिनियरिङ एण्ड इन्फास्ट्रक्चर मुम्बई र विनित जोशी नेतृत्वको जोशी वीज हाउस प्रालि तीन वर्षसम्मका लागि कालोसूचीमा परेका छन् ।

त्यस्तै पेशल आचार्य नेतृत्वको आज्ञा एण्ड कम्पनी प्रालि विराटनगर दुई वर्षसम्मका लागि कालोसूचीमा परेका छ । इन्द्रबहादुर शाहठकुरी नेतृत्वको चुलीडाँडा निर्माण सेवा, स्वयम्भू काठमाडौंलाई डेढ वर्षसम्म कालो सूचीमा राखिएको सार्वजनिक खरिद अनुगमन कार्यालयले जनाएको छ ।

मलिन पन्त नेतृत्वको इपिक कम्प्युटर्स ट्रेडर्स काठमाडौं, विजेनदास श्रेष्ठ नेतृत्वको मकर गणेश कन्स्ट्रक्सन प्रालि काठमाडौं, अफजल मोहम्मद हवाई नेतृत्वको बाबा इन्फ्राप्रोजेक्ट प्रालि बाँके, सुदीप आचार्य नेतृत्वको नवनिर्माण कन्स्ट्रक्सन एण्ड बिल्डर्स पोखरा, उपेन्द्र ढकाल नेतृत्वको यूडी एलिस कन्स्ट्रक्सन एण्ड सप्लायर्स टेकु, मोहनबहादुर तामाङ नेतृत्वको पुतलीकाठ निर्माण सेवा प्रालि दोलखा र हेमराज बस्याल नेतृत्वको अर विन्द कन्स्ट्रक्सन भरतपुर चितवन एक वर्षका लागि कालोसूचीमा परेका छन् ।

# डाक्टर राई जर्वजस्ती करणी आरोपमा पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, १९ भदौ/हेटौंडा उपमहानगरपालिका-१, स्थित सिटी हस्पिटलका सञ्चालक फिजिसियन डाक्टर बसिम राई जर्वजस्ती करणी आरोपमा पक्राउ परेका छन् ।

काठमाडौं बुढानिलकण्ठ नगरपालिका-१० घर भई लामो समयदेखि हेटौंडामा स्वास्थ्य सेवामा कार्यरत् राईलाई प्रहरीले कोठाबाटै नियन्त्रणमा लिएको हो । राईमाथि एक युवतीले १८ भदौ सोमबार रातको साढे १० बजे जर्वजस्ती करणी गरेको भन्दै जिल्ला प्रहरी कार्यालय मकवानपुरमा उजुरी दिएकी छन् । प्रहरीका अनुसार राईले १ नम्बर वडास्थित हस्पिटल नजिकैको आफ्नो डेरामा युवतीलाई जर्वजस्ती करणी गरेको आरोप छ ।

उजुरीमा राईले युवतीलाई रातभर अप्राकृतिक मैथुन गराएको, कुटपिट गरेकोलगायतका आरोप लगाइएको समाचार स्रोतले जानकारी दिएको छ । प्रहरीले जिल्ला अदालत मकवानपुरबाट ५ दिनको म्याद थप गरी हिरासतमा राखेर अनुसन्धान सुरु गरेको छ । आरोपित राईको श्रीमती र १ छोरा छन् ।

# पूर्वप्रहरी मकवानपुरको साधारणसभा


साझाकुरा संवाददाता

हेटौंडा, १९ भदौ/नेपाल पूर्वप्रहरी जिल्ला कार्यसमिति मकवानपुरको ३२ औं वार्षिक साधारणसभा सम्पन्न भएको छ । मंगलबार भएको साधरणसभामा नेपाल प्रहरी एवं पूर्वप्रहरीबीचको अन्तरक्रिया आयोजना गरिएको जिल्ला अध्यक्ष सूर्यबहादुर श्रेष्ठले बताए ।

अध्यक्ष श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा प्रदेश प्रहरी कार्यालय हेटौंडा प्रहरीनायब महानिरीक्षक किरण राणाको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा जेष्ठ सदस्य ९६ वर्षका पूर्वप्रहरी हवल्दार, उत्कृष्ट काम गर्ने चन्द्रबहादुर लामा, बकलबहादुर तामाङ र अमर प्रहरीका परिवारलाई सम्मान गरिएको थियो ।

कार्यक्रममा नेपाल पूर्वप्रहरी संगठन धापासी काठमाडौंका राष्ट्रिय अध्यक्ष बसन्त कुंवर, जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रमुख प्रहरीउपरीक्षक सीताराम रिजाल, नेपाल पूर्वप्रहरी संगठनका केन्द्रीय उपमहासचिव प्रलाद घिमिरे, बागमती प्रदेश कार्यसमितिका अध्यक्ष रीतबहादुर खाती लगायत पूर्वप्रहरीहरुको उपस्थिति रहेको थियो । कार्यक्रममा संस्थाकोबिभिन्न गतिबिधि तथा आर्थिक तथा वार्षिक प्रतिबेदनमा छलफल भएको थियो ।






साझाकुरा

## हाम्रो कुरा

# थाहानगरका शिक्षकलाई योगशिक्षा

थाहा नगरपालिकाका शिक्षकका लागि योग, ध्यान र साधना तालिम १८ भदौबाट सुरु भएको छ । सात दिनसम्म सञ्चालन हुने तालिम सोमबारबाट सुरु भएको हो । थाहा नगरपालिकाले विद्यालयमा योग, ध्यानलाई नियमित गर्ने उद्देश्यले पहिलो चरणमा थाहानगरका सामुदायिक विद्यालयका शिक्षकलाई तालिम दिएको हो । हुन त एक साताको योग तालिम अधुरै हुन्छ । तर, शिक्षकले चाहेको खण्डमा नगर पालिकाले यो खालको तालिमलाई एक महिना वा सो भन्दा बढी समयको बनाउन पनि सक्नु पर्दछ । अहिले समाजमा देखिएको समस्या समाधान गर्न योग साधना तालिम जरुरी छ । विद्यालय वा क्याम्पसका बालबालिकालाई सही मार्गमा हिडाउने हो भने विद्यालय तहमा तीन वटा कुरालाई कडिकडाउका साथ समेट्नु जरुरी छ । पहिलो स्काउट तालिम, दोस्रो योगध्यान साधना र तेस्रो आयआर्जन र बचतसम्बन्धी शिक्षा दिनै पर्छ । थाहा नगरपालिकाले पहिलो चरणको योगध्यान तालिममा थाहा नगरपालिका साविक दामन, पालुङ र आग्राका २९ जना शिक्षकलाई दिन लागेको बताइएको छ ।

थाहा नगरपालिकाले आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रममा विद्यालयमा नियमित रुपमा विद्यार्थीलाई योग, ध्यान कक्षा सञ्चालन गर्ने विषय पारित गरी बजेटसमेत विनियोजन गरेको थियो । शिक्षकलाई तालिम दिएर उनीहरुमार्फत विद्यार्थीलाई साधना कक्षामा सहभागी गराउने नगरपालिकाको योजना रहेको छ । विद्यार्थीलाई योग, ध्यान र साधनामार्फत अनुशासित र कर्तव्यनिष्ठ बनाई मानवमूल्यको जगेर्ना गर्ने थाहा नगरपालिकाले जनाएको छ । बालबालिकालाई उचित शिक्षा (योग तथा अध्यात्म र नैतिक शिक्षा) र वातावरण उपयुक्त हुन नसक्दा अहिले प्रायजसो मानिसको जीवन रोग र शोकमा डुवेर खेर गइरहेको छ । बाल्यावस्थामा जस्ले ज्ञान तथा संस्कार हासिल गर्दछ, त्यो छाप अन्तिम अवस्थासम्म पनि मनमा गढेर रहन्छ र पछिसम्म पनि सोही अनुसारको संस्कार र कर्म गर्दछ । एउटी महिला (आमा), शिक्षक ज्ञानी, योगी, संस्कारित र शिक्षित भइन् भने शिशुलाई नौ महिनासम्म गर्भमा रहँदा तथा जन्म पश्चात पनि केही वर्षसम्म आमाकै काखमा राखेर संस्कार प्रदान गर्दछिन् । कस्तो संस्कार बन्छ भन्ने कुरामा आमाकै शिक्षा, सोच, आहार तथा संस्कार तथा दिइने प्रेम, स्नेह, ममतामा भर पर्दछ । बालबालिका जन्मेको ५ वर्षपछि विद्यालयमा भर्ना हुने गरेका छन् । १० देखि १२ वर्षको अबधि उनीहरुले विद्यालय शिक्षा आर्जनमा खर्च गरिरहेका हुन्छन् । यो समयमा बालबालिकालाई उचित शिक्षा प्रदान गर्न सकिएन भने हाम्रो समाजले भबिश्यमा योग्य युवा उत्पादन नै गर्न सक्दैन । आजका विद्यार्थीहरुमा अग्रजहरुको सम्मान गर्ने बानी, संस्कार, सद्गुण, आचरण, देशप्रेम, सेवाभावना, नैतिकता, इमानदारीमैत्री, सरलजीवन जस्ता दिव्य गुणहरु कस्तो अवस्थामा छ ? यो सोचनीय विषय बनेको छ । त्यसको मूलकारण हो, आज हामीसँग सदाचार पढाउने तथा आफ्नो आचरणबाट ज्ञान दिने गुरुहरुको खडेरी नै परेको छ भन्दा फरक नपर्ने स्थिति छ । मोन्टेश्वरी, नर्सरी कक्षादेखि नै एउटी नारी शिक्षिका तथा अन्य महत्वपूर्ण भूमिकामा रही ज्ञानप्रदान गर्ने जिम्वेवारीमा सक्रिय रहने हुँदा उहाँहरुको नैतिक आचरण र सदाचार जीवन कति महत्वपूर्ण रहन्छ भन्नेकुरा छर्लङ्ग छ ।

बालबालिकादेखि वृद्धवृद्धासम्मको पूर्णजिम्मेवारी निभाउँदै स्कुल तथा अफिस समेत जाने र त्यहाँ पनि साथीहरुलाई उचितशिक्षा तथा सुसंस्कार दिने जिम्मेवारी प्राय: नारीले नै निर्वाह गर्दछिन् । यदि महिला, आमा, शिक्षक शारीरिक तथा मानसिक रुपमा अस्वस्थ भएको खण्डमा उसले परिवारको राम्रोसँग हेरचाह गर्न र सुसंस्कार पनि दिन सक्दिनन् । यदि महिला योग गरेर शारीरिक तथा मानसिकरुपमा स्वस्थ्य, ज्ञानी, सुसंस्कारित र शिक्षित भएमा बालबालिकामा सोही अनुसारको असर पर्दछ । गुरु भगवानको रुप हो भन्ने मान्यता यतिबेलाका बालबालिकामा छैन । एउटा असल शिक्षक त्यस्तो व्यक्तित्व हो जसमा एउटा असल व्यक्तिमा हुने गुणहरु विद्यमान हुन्छन्, ऊ विनोदप्रिय र उदार हुन्छ, उसको स्मरणशक्ति राम्रो हुन्छ । उसमा आफ्नो विषयको राम्रो ज्ञान र उसले आफूसँग भएको ज्ञान अनुसारको आचरण पनि गर्दछ । विद्यार्थीहरुसँग सदासर्वदा स्नेही भाव राख्छ । अनि जस्तो शिक्षक छ, त्यस्तै विद्यार्थीको चरित्र निर्माण हुँदैजान्छ । त्यसैले थाहा नगरले सुरु गरेको अभियान मकवानपुरका सबै पालिकाले संचालन गर्नु जरुरी छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० भदौ २१ गते बिहीबार ७ सेप्टेम्बर २०२३ । अष्टमी, भाद्र कृष्णपक्ष । गुँलागा ११४३ ने.सं. । सूर्योदय ५:४५, सूर्यास्त ६:१७ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : भूमिबाट लाभ लिने समय छ | **तुला** | : लेनदेनमा विवाद हुनेछ |
| **वृष** | : बिग्रिएको सम्बन्ध सुधार्ने मौका छ | **वृश्चिक** | : धार्मिक कार्यले फाइदा हुनेछ |
| **मिथुन** | : महत्वाकांक्षी योजना फलीभूत हुनेछ | **धनु** | : मन खिन्न बनाउन सक्छ |
| **कर्कट** | : काममा परिवारकोसहयोग मिल्नेछ | **मकर** | : दिन उत्साहपूर्ण बन्नेछ |
| **सिंह** | : स्वास्थ्यमा कमजोरी हुनेछ | **कुम्भ** | : नयाँ ज्ञान सिक्ने अवसर मिल्नेछ |
| **कन्या** | : उपचारमा खर्च हुनेछ | **मीन** | : व्यावसायिक यात्राकोसम्भावना छ |

# नेतृत्व स्थानान्तरणमा सीमित नहोस् माओवादी रूपान्तरण अभियान



✍ सीताराम कोइराला

नेकपा माओवादीले ४१ सूत्रीय माग राखी १ फागुन २०५२ बाट सुरु गरेको 'जनयुद्ध'मा लाखौं शोषित पीडित जनता, देशभक्त सचेत नागरिकहरू लामबद्ध भए । १० वर्षको छोटो अवधिभित्रै तत्कालीन घरेलु र बाह्य शासक वर्गलाई थर्कमान बनाउँदा युद्ध तूफानी गतिमा अगाडि बढ्यो । ग्रामीण क्षेत्रहरूमा सत्ता स्थापना र आधार इलाका बनाउँदै, सत्ताको केन्द्रभाग कब्जा गर्ने सपना बोकेर शान्ति प्रक्रियामा आएको त्यो विशाल पार्टी छोटै अवधिमा आन्तरिक कलह, टुटफुट, विभाजनले अस्तित्व रक्षाको अवस्थामा पुगेको छ ।

हिजो जनतालाई बाँडिएको सपना, तिनका आशा, अपेक्षामाथि तुषारापात भएको छ । जब पार्टी शान्ति प्रक्रियामा आयो, तब नेतृत्वमा अलमल र दिशाविहीनता सुरु भयो । सही रणनीति र कार्यनीति ठम्याउन सकेन ।

माओवादीको आठौं राष्ट्रिय महाधिवेशनद्वारा पारित राजनैतिक प्रतिवेदनमा भनिएको छ' 'दोस्रो संविधानसभाको निर्वाचनमा पार्टी पहिलोबाट तेस्रोमा झर्न गयो पार्टीबाट ठूलो आशा, अपेक्षा गरेका आम जनसमुदाय, कार्यकर्ता पंक्ति, शहीद, बेपत्ता परिवारजनमा निराशा र अन्योल बढ्दै गयो ।'

सोही दस्तावेजमा 'मुखले संविधान निर्माणको कुरा गर्ने र मनले विद्रोहको कुरा गर्ने अत्यन्तै अवस्तुवादी र अपारदर्शी कुरा' स्वीकार गरिएको छ । नेतृत्व दिशाविहीन हुँदै जाँदा, पार्टीले बाटो बिराउँदा कार्यकर्ताले स्वस्थ आलोचना गर्नु, खबरदारी गर्नु वाञ्छनीय हुन्छ ।

त्यो अन्योल र अलमलको अवस्थामा के गर्ने ? माओ भन्थे रे- 'जनसमुदायको विचार लेऊ, त्यसलाई एकीकृत गर, अनि जनसमुदायमा जाऊ, त्यो विचारधारामा अड, अगाडि बढाऊ, जसबाट नेतृत्वमा सही विचार बन्दछ, नेतृत्वको आधारभूत पद्धति पनि यही हो ।'

माओले संगठन निर्माणको लागि बनाएका १६ आधारहरू मध्ये केही बुँदाहरू अहिलेको अवस्थामा सान्दर्भिक छन् । जस्तो कि हरेक विचारलाई व्यक्त हुन देऊ, अल्पमत होस् तर सत्य नछोड, आलोचना र आत्मालोचना लागू गर, सामूहिक नेतृत्व कायम गर ।

गत साउन १७ देखि २१ सम्म चलेको नेकपा (माओवादी केन्द्र) को पाँचदिने बैठकले तय गरेको कार्यक्रम जनतासँग माओवादी विशेष रूपान्तरण अभियानले केही तरंग पैदा गरेको छ । तर तीनमहिने अभियानको लागि तहगत रूपमा विभिन्न बैठक र नेता-कार्यकर्ताको जिम्मेवारीको पजनी भइरहँदा, कुण्ठा, निराशाका स्वरहरू पनि त्यत्तिकै सुनिंदो छ ।

रूपान्तरण भनेको 'रूपमा अन्तर' वा 'परिवर्तन' भनेर बुझिन्छ । मौजूदा स्वरूप र कामगराइ हेर्दा रूपान्तरण नारामा जति व्यवहारमा सजिलो हुने छैन । रूपान्तरण कसैको लहड, आज्ञा वा नेपथ्यबाट आउने चिज होइन । यहाँनेर पुन: माओलाई स्मरण गर्नुपर्ने हुन्छ । उनको भनाइ रहेको छ- 'जब पार्टी सही कार्यदिशामा हुन्छ, तब सबै चिजहरू ठीक मार्गमा आउने छन् ।'

माक्सवादी दर्शनलाई लेनिनवादी सिद्धान्तको आलोकमा जीवन व्यवहारलाई रूपान्तरण गर्न सक्नुपर्दछ । त्यो रूपान्तरित विचार र व्यक्तिले मात्र संगठन र समाजलाई रूपान्तरण गर्न सक्दछ ।

हुन त विगतमा पनि यस प्रकारका कार्यक्रमहरू घोषणा नगरिएका होइनन्, विद्रोहद्वारा काठमाडौं घेराबन्दी, शान्ति र संविधान, उत्पादन ब्रिगेड, मेची-काली अभियान, कम्तीमा ५० जनाको सहभागितामा हरेक वडामा कृषि उद्यम र पछिल्लो समयमा घोषणा गरिएको 'जनतासँग माओवादी विशेष रूपान्तरण अभियान' । यी विभिन्न नामको घोषणाले भन्दा पनि कति कामयावी भयो भन्ने कुराले अर्थ राख्दछ ।

लेनिन भन्ने गर्थे, कम्युनिष्ट पार्टीले जनतालाई विश्वासमा लिन सक्ने काम गरे मात्र विजय प्राप्त गर्न सक्छ । कार्यकर्ताबाट इमानदारीपूर्वक उठेको आवाजलाई अल्मल्याउने र विषयान्तर गर्ने मनसायले ल्याइने कार्यक्रमले देश, जनता मात्र होइन, स्वयं पार्टीको पनि हित गर्दैन ।

'जनतासँग माओवादी विशेष रूपान्तरण अभियान' को यही भदौ १६ गते भएको उद्घाटन कार्यक्रमले निर्दिष्ट गर्ने लयको उपलब्धि के हुनेछ होला भनेर प्रश्नवाचक चिह्न खडा भएको छ । यसको गर्भावस्थामै असन्तुष्टि लगायत समस्या छरपष्ट देखिएका छन् । जम्बो केन्द्रीय समितिका केही सदस्य तोकिएको कार्यक्षेत्रमा जान नसक्ने भन्दै असन्तुष्टि देखाएको विषय पनि सार्वजनिक भइरहेका छन् । कार्यकर्ताको विन्यासमा नेतृत्वको गुलामी र चाकडीले निष्ठा र इमानपूर्वक काम गर्ने कार्यकर्ताको बीचमा धेरै हेराफेरी भएको छनक पाइन्छ । 'फेस भ्यालु' भएका पब्लिकले विश्वास गर्ने गरेका व्यक्तिहरू पाखा परेका वा पारिएका देखिन्छन् ।

परीक्षण भइसकेका अनुहारहरू, चाकडीबाज, परिवार नजिकका मानिसहरू अग्रभागमा सलबलाएको देखिन्छ, सुनिन्छ । पार्टी संसदीय राजनीतिमा गइसकेपछि भोलि हुने निर्वाचनमा जनताले स्थानीय, जातीय, भाषिक र सांस्कृतिक पक्षलाई नै बढी जोड दिन रुचाउँछन् ।

स्थानीयलाई नै त्यहाँको भूगोल, समस्या, समाधानको उपाय र अन्तरविरोधको बारेमा ज्ञान हुन्छ । त्यही नेतृत्व नै भोलिको निर्वाचनमा सत्ताको पहरेदार बन्न सक्दछ । तर अहिलेको यो अभियानमा कार्यकर्ताको विन्यास र पजनी हेर्दा त्यस्तो देखिंदैन । बरु ठिक उल्टो देखिन्छ । रूपान्तरणको नाममा स्थानान्तरण गरेको देखिन्छ । कार्यकर्ताको आवेग र असन्तुष्टिलाई अल्मल्याउन र विषयान्तर गर्न खोजिएको हो भने 'मुखमा शान्ति र संविधान, मनमनमा विद्रोह' जस्तै राम राम मात्र हुनेछ । लेनिनको 'तीनपल्ट सोच एक पल्ट निर्णय गर' र माओको 'तीनपल्ट नाप एक पल्ट काट' भन्ने भनाइ माओवादीले किन लत्याइरहेछ, अचम्म छ ।

शान्ति प्रक्रियापश्चात् २०६४ सालको संविधानसभाको निर्वाचनको संसदीय मोर्चामा पनि भारी विश्वासको साथ सचेत शिक्षित शहरियादेखि दुर्गम दूरदराजका जनताले समेत मतदान गरी प्रत्यक्षतर्फ २४० सिटमा १२० सिट जिताए । तर गत निर्वाचनमा गठबन्धन गर्दा पनि १८ सिटमा सीमित हुनु, ६ महानगरपालिकामा १ र ११ उपमहानगरपालिकामा १ सिटमा सीमित हुँदै संघीय राजधानी भएको काठमाडौं महानगर पालिकामा एकीकृत समाजवादी पार्टी र राप्रपा भन्दा पनि धेरै कम (नगन्य) मत पायो । शिक्षित, शहरिया मतदाताबाट पार्टी लगभग बहिष्कृत हुनु माओवादी नेतृत्वको लागि ठूलो चुनौतीको विषय हो । माओवादी पार्टी निरन्तर किन ओरालो लागिरहेको छ त ? केही उदाहरण हेरौं । पार्टी नेतृत्वले बलिदानीपूर्ण विद्रोहबाट प्राप्त विशाल शक्तिलाई संगठनमा रूपान्तरण गर्न सकेन । पार्टी गुट, उपगुट स्वार्थ समूह बन्यो, ठेक्कापट्टा, व्यापार कमाइखाने भाँडो बनाइयो ।

सैद्धान्तिक एवं नीतिगत रूपमा माओवाद र संसदीय लोकतन्त्रसँगै जान सक्छन् कि सक्दैनन् भन्ने कुरामा मूल नेतृत्वमा अलमल देखियो । लेनिनवादी संगठनात्मक पद्धतिलाई नोकरशाही र हुकुमी बनाइयो । एउटै कमिटीको बैठकमा उपल्लो पदमा पदासीनहरू पुराणका पण्डित जस्ता प्रवचन छाँट्ने र तल्लो पदमा आसीनहरू श्रोता मात्र भए जहाँ सामूहिक छलफलको अवसर नै भएन यद्यपि अहिले पनि यही परम्परा छ ।

जनताको संविधान बनाउँछु भनेर भोट मागियो तर जनताको अभिमतलाई भुलेर 'शान्ति र संविधान कि विद्रोह भन्दै' दुई कार्यदिशाको व्याख्या गर्दै हिंड्यो, मूल नेतृत्वको चरित्र ढुलमुले भयो । जनताले संविधान बनाउन दिएको मतलाई नबुझी विद्रोहबाट सत्ता कब्जा गर्ने भन्दै काठमाडौं ततायो, आखिर लाचार हुँदै फर्कनुपर्दा कार्यकर्ता र आम जनतामा निराशा र नकारात्मक असर पर्‍यो ।

हरेक निर्वाचनमा टिकट दिने मापदण्ड तय गरियो तर त्यो कहिल्यै लागू भएन । स्थानीय नेतृत्व विकासमा ध्यान दिइएन, नेता चुनावपिच्छे आयातित वा स्थानान्तरण गर्ने काम भयो । निर्वाचन कहिले कुन दलसँग कहिले कुन दलसँग गठबन्धन गर्ने गरी अस्थिर नीति अपनाइयो । वैदेशिक नीति परियोजनाका सम्बन्धमा दोहोरो चरित्र देखियो । भित्री र बाहिरी कुरा भए, भन्ने एउटा गर्ने अर्कै । सत्ता, शक्ति र पदको लागि जोसँग जसरी पनि मिल्ने परम्पराको विकास भयो ।

कमि-कमजोरीका चाङहरू थपिंदै गए तर त्यसलाई सच्याउनु रूपान्तरण गर्नुको साटो कमि-कमजोरीको चाङमाथि बसेर रमाउने, एकअर्कोलाई भिडाउने काम भयो। अन्तरपार्टी लोकतन्त्र नारामा मात्र सीमित भयो । समस्यालाई द्वन्द्ववादी, वस्तुवादी यथार्थपरक ढंगले भन्दा पनि यान्त्रिक ढंगले हेर्ने दृष्टिकोणको विकास भयो। वस्तुको विकास तथा विनाशको बाह्य भन्दा आन्तरिक कारण प्रधान हुन्छ भन्ने मार्क्सवादी अवधारणालाई नेतृत्वले ग्रहण गर्नुको सट्टा सधैं बाह्यकारण देखाएर ढाकछोप गर्दै आइयो ।

अब माओवादी रूपान्तरणको नारा मात्रै लगाएर सच्चिने अवस्थामा छैन । रूपान्तरण वा सुधारको बाटोमा प्रतिबद्ध भएर हिंड्ने हो भने माओवादीले मार्क्सवादी दर्शनमा आधारित वैचारिक दृष्टिकोणको विकास गर्नुपर्छ । साथै, मार्क्सवादी दर्शनमा आधारित जीवनशैली एवं व्यवहारको विकासमा पनि प्रतिबद्ध रहनुपर्छ । लेनिनवादी सिद्धान्तमा आधारित संगठनात्मक पद्धतिलाई दृढतापूर्वक पछ्याउनुपर्छ ।

राजनीतिलाई जनताको जीवनमा र पार्टी संगठनलाई समाजमा पुऱ्याउने पद्धतिको विकास गर्नुपर्छ । जनतासँग टुटेको सम्बन्धलाई जोड्न 'कम्युनिष्ट बीउ र जनता माटो' भन्ने माओको उक्तिलाई जनतामा जाने सिद्धान्तका रूपमा अपनाउनुपर्छ । नीति, पद्धति र विचारमा समस्या देखिएको हुँदा वैचारिक नेतृत्वको विकासमा माओवादीले मिहिनेत गर्नुको विकल्प छैन । योग्यता, क्षमता, अनुभव र रुचिको आधारमा कार्यकर्ता विन्यास गर्ने एवं मूल्यांकन गर्दै त्यसको अभिलेख राख्नुपर्छ । प्रोत्साहन, दण्ड, जरिबाना, कारबाही विधानसम्मत ढंगले गर्नुपर्छ न कि पूर्वाग्रही र प्रतिशोधपूर्ण ढंगले ।

पार्टी विधान एवं पारित प्रतिवेदनलाई लागु नगरी अनदेखा गर्ने र विधि भन्दा व्यक्ति माथि हुने अभ्यासले कुनै पनि पार्टीको जीवन अवरुद्ध हुन्छ । पार्टीभित्र गुट, उपगुटको अन्त्य गर्दै नेतृत्व सबैको साझा बन्नुपर्छ । अहिले व्यवहारमा यस्तो देखिंदैन ।

अन्तरपार्टी बहसमा उठ्ने विभिन्न सवालमा नेतृत्वले छुट्टाछुट्टै खेल्ने र जुधाउने भन्दा सामूहिक छलफलबाट समस्या हल गर्नुपर्छ । आचारसंहिता निर्माण गरी कडाइका साथ लागु गर्नुपर्छ । अन्तरपार्टी समाजवादलाई व्यावहारिक रूपमा लागु गर्नुपर्छ । यसको लागि फेरि पनि सबै व्यक्तिलाई पार्टीको विधि मातहत राख्नुपर्छ । छलाङ र क्रमभंगताले सधैं उँभो मात्र लैजाँदैन, उँधो पनि लैजाँदो रहेछ भन्ने कुरा नेतृत्वले मनन् गर्नुपर्छ । हिजो युद्ध लडेका शहीद, बेपत्ता परिवार, लडाकु, घाइते अपाङ्गता भएका, अपहरण, जेल जीवन बिताएकालाई पार्टीको पूँजीको रूपमा स्थापित गर्नुपर्छ ।

विभिन्न समूहमा विभाजित माओवादी लगायत देशभक्त कम्युनिष्ट पार्टी वा अन्य स्वतन्त्र व्यक्तिसँग एकता, पार्टीलाई जीविकोपार्जनको माध्यम नबनाउने, स्थानीय नेतृत्व विकासमा जोडदिने, खपतको लागि नेता कार्यकर्ता स्थानान्तरण नगर्ने, पार्टीलाई अविच्छिन्न उत्तराधिकारवाला बनाई नेतृत्व हस्तान्तरण हुँदै जाने परिपाटीको विकास गर्ने लगायत अभ्यासलाई दृढतापूर्वक लागु गर्नुपर्छ ।

पार्टीभित्रको अन्तरसंघर्षलाई स्वस्थ ढंगले सञ्चालन गर्नुपर्छ । सहमतिमा एक ढिक्का र प्रतिस्पर्धामा फुट हुन्छ भन्ने गैरमार्क्सवादी चिन्तनलाई त्याग्नुपर्छ । आर्थिक सुशासन, अभिलेखीकरण एवं पारदर्शिता दुरुस्त राख्नुपर्छ । चर्का-चर्का विचार र नीतिका कुरा गर्ने तर व्यवहार भद्रगोल रहँदा पार्टीले गति लिन सक्दैन ।

पार्टीका हरेक तहका नेतृत्व पार्टीप्रति अतिरिक्त बफादार हुनैपर्छ । उनीहरू जनताको सेवा गर्न प्रतिबद्ध हुनुपर्छ न कि जनताको स्रोध-साधनको दोहन । उनीहरू आफ्नो उत्तर दायित्वबाट च्यूत हुनुहुँदैन, अनुशासनमा प्रतिबद्ध हुनुपर्छ । अनुशासन व्यवहारबाट सिकाउने विषय हो न कि भाषणबाट ।

माओवादी पार्टी शान्ति प्रक्रियामा आएर कुनै न कुनै रूपमा सत्तामा पहुँच राखिरहेको १७ वर्ष पुग्नै लागेको छ । विगतमा विभिन्न अभियान घोषणा भए तर त्यसले अपेक्षित परिणाम ल्याएको देखिंदैन । रूपान्तरित हुने र बदलिने कुरा स्वयंमा त्यति सरल र सहज विषय होइन । माओवादीले भन्ने गरे झैं आफ्नै टाउकोमा आफैंले आगो लगाउन सक्नुपर्छ । आफूभित्रको कमजोरीप्रति निर्मम हुन सक्नुपर्छ । आशा गरौं, यो अभियानले सार्थकता पाओस् ।

*(साभार: अनलाइनखबर)*

# गणेश पुराणमा सहभागी हुँदा मैले पाएको ज्ञान र बोध

✍ डा. भोजराज शर्मा काफ्ले

गएको वर्ष विशेष पूजा (गणेश पुराण) कथा वाचनमा सहभागी हुने अवसर मिल्यो । सात दिनको गणेश पुराणबाट पंक्तिकारलाई लागेको अनुभूति र सिकाइ यस लेखमा प्रस्तुत छ । यस लेखमा धार्मिक कार्यबाट प्राप्त आत्मानुभूति, ज्ञान र बोध आदिबारे चर्चा गर्ने कोसिस गरिएको छ ।

राजा र ऋषिमुनि पुराणका दुई ुवका पात्र हुन् अर्थात् शासन गर्ने र ज्ञान दिने छुट्टाछुट्टै कर्म गर्ने पात्र हुन् । राजासँग राज्यमाथिकै अधिकार हुन्थ्यो, ऋषिसँग केही हुँदैनथ्यो । ऋषिहरु नदी किनारको जंगलको कुटीमा बसेर जीविका गर्थे । यद्यपि राजाको अन्तिम शरण लिने र ज्ञान दिने पात्र ऋषिहरू हुन्थे । सातदिने पुराणका क्रममा यिनै दुई पात्र बीचका हजारौं रोमाञ्चक कथा सुन्ने अवसर पाएँ ।

अल्प ज्ञान वा विषयवस्तुका बारेमा ज्ञानै नभएर होला संस्कृत भाषामा लेखिएका ग्रन्थमा आधारित हिन्दु समुदायका धार्मिक कार्य सामान्यत: औपचारिकता पूरा गर्ने विषयवस्तु हुन् कि भन्ने लाग्थ्यो । सुन्न र बुझ्न जाँगर पनि नलाग्ने । २०७९ माघ १४ देखि २० गतेसम्मको एक साता अलि भिन्न रह्यो । गैंडाकोटको शिवचोकनिर भएको हाम्रो घरमा सात दिनको पुराणको कार्यक्रमको निधो गरिएकाले सातै दिनको छुट्टी मिलाउन घर-परिवारको आग्रह थियो ।

बिहान ७ बजेतिर एक गिलास दूध खाएपछि पहिलो दिनको पूजाको कर्म सुरु भयो । पूजामा मेरो चित्त वा ध्यान केन्द्रित भएको थिएन । तथापि अनुशासितकर्ता बन्ने निधोका साथ एकाग्रता कायम गर्ने प्रयास भइरह्यो । पहिलो चरणमा, पाँच पण्डितले एकै स्वर र लयमा संस्कृतका विषयलाई नेपालीमा अनुवाद गर्दै निर्देशन दिए । कर्ता शुद्धिको जल खाने, कुशको पवित्र लगाउने, पुस्तक पूजा गर्ने, बिहानीको आरती आदि काम सकियो । यसरी नै पहिलो दिन विभिन्न चरणमा धेरै पूजाआजा भए – घरी मन्दिरको वल्लो कुना, घरी पल्लो कुना । घरी एउटा देवताको नाममा फेरि अर्को कुनामा अर्को देवताको नाममा । बेलुकीको आरती गरेर पहिलो दिनको पूजा सकियो । दिनभर मलाई कुनै पट्यार, थकाइ वा भोक लागेन, कुनै प्रकारको कष्टानुभूति भएन ।

पूजाको दोस्रो दिन पनि पहिलो दिनकै जस्ता विभिन्न चरण दोहोरिए । सुनिरहुँ जस्ता पण्डितका संयुक्त संस्कृतका श्लोक, आरती आदि । दोस्रो चरणमा, सहायक वाचकबाट संस्कृतमा कथा वाचन सुरु भयो । सबैले ध्यान दिएर सुन्नु भनियो । जति ध्यान दिएर सुन्यो उति फल प्राप्ति हुन्छ भन्ने सुनेकाले ध्यान केन्द्रित गर्न निकै प्रयास भयो । हातमा फूल लिएर ध्यान मुद्रामा नमस्ते गरेर ध्यान केन्द्रित गर्न निकै प्रयास गरियो । कुनै शब्द र वाक्यको अर्थ कहीं कतै बुझिँदैन, केको ध्यान जानु । घरी झुपुझुपु निद लागेको छ, निद नलागेका बेला ध्यान अन्तै छ । तथापि करिब २० मिनेटमा हुने अध्याय अध्यायको विश्राममा गरिने पूजामा फूल चढाउने, धुपबत्ती गर्ने र शंखघन्ट बजाउने जिम्मेवारीका कारणले त्यति गाह्रो भएन । एवंरीतले करिब चार घन्टाको निरन्तर वाचन सकियो । वाचन गरिएको पुस्तकमा २५२ अध्यायमध्ये ५० अध्याय सकिएको जस्तो लाग्छ, त्यो दोस्रो दिनको दोस्रो प्रहरमा ।

मध्याह्नपछि तेस्रो चरणमा संस्कृतमा वाचन गरिएका विषयवस्तुको नेपालीमा सारांश बताइने कार्यक्रम रहेछ । मूल पण्डितबाट रोचक शैलीमा समसामयिक परिवेशका उदाहरण दिँदै विषयवस्तु प्रस्तुत थियो । हिन्दूहरूको एउटा सम्प्रदायले पञ्च देवतालाई नित्य रूपमा पूजा गर्ने गरेका छन् । पाँच देवता (गणेश, देवी, विष्णु, शिव र सूर्य)का बारेमा राम्रै जानकारी मिल्यो । पञ्च देवतापछि पञ्च तत्त्वका बारेमा चर्चा भयो । विद्यालय तहदेखि नै पढेको पारिस्थितिकीय पद्धति (इकोसिस्टम) र दिगो विकासका कुरामा पनि त्यी पञ्चतत्त्वका बारेमा पढ्ने गरेकाले होला निकै रोचक लाग्यो ।

उहिले नै ती ग्रन्थ लेख्दा पञ्चतत्त्वको सन्तुलनले पृथ्वीमा प्राणीको अस्तित्व सम्भव भएको छ । तिनका बीचमा खलबल ल्याउने काम गर्नु पाप हो भनी दिगो विकासको चुरो कुरोलाई अनिवार्य पालना गर्ने जुक्ति अपनाएका रहेछन् ।

संसारका हरेक घटना र परिघटनामा हाम्रो खासै केही लाग्दैन, सबै थोक ईश्वरमा भर पर्छ भन्ने विषयलाई उदाहरण र सानातिना कथाका प्रसंगबाट वाचकले भन्दै गर्दा अचम्मसँग ध्यान केन्द्रित भएर सुनियो । ईश्वर र पञ्चतत्त्व बीचको सम्बन्धका बारेमा निकै मिहिनेत गरेर मूल पण्डितले धेरै कथा र उपकथा जोडेर बताए । त्यसमध्ये गोठालाको आँप चोरको कथा निकै रोचक थियो । चोरले आँप चोर्न जाँदा आँखाले देख्यो, गोडाले हिँडेर गयो, हातले टिप्यो तर पिँठ्युले लट्ठी खायो, आँखाले आँसु झार्‍यो । आफ्ना कारणले अर्कोले पिटाइ खाएकामा दु:ख लागेर आँखाले आँसु झार्‍यो । अर्काको दु:खसुखमा मान्छेले मानवीय व्यवहार र दया गर्नुपर्छ भन्ने सन्देश त्यस्ता रोचक कथाबाट दिइँदो रहेछ । केही भन्नै नपर्ने कथाबाटै अनुभूत हुने ।

त्यो दिनका अन्य थप विषयवस्तुमा गणेश पुराणका दुई भाग : उपासना र क्रीडाका बारेमा संक्षिप्त जानकारी प्राप्त भयो । गणेश पुराणको किन महत्त्व छ, पौराणिक कालमा विषयवस्तुका बारेमा स्पष्ट पार्ने विधि र प्रक्रिया निकै रोचक लाग्छ । ऋषिहरूले कुनै महत्त्वपूर्ण विषयमा प्रवचन गर्दा ८८ हजार स्रोता हुन्थे रे । तिनीहरूमध्येबाट एक सक्षम सहभागीलाई प्रश्नकर्ताका रूपमा छनोट गरिने रहेछ । अनि एउटा वाचक र अर्को प्रश्नकर्ता । प्रश्नकर्ता हुन विषयवस्तुमा निकै निपुण हुनुपर्थ्यो रे । त्यस दिनको राजा सोमकान्त रोगग्रत बनी जंगल जाँदाको कथा रोचक मात्र थिएन फदयस्पर्शी थियो । सोमकान्त राजाको प्रसंग पुराण अवधिभर आउँदो रहेछ । अर्थ बुझ्ने र मूल्य लिन चाहना गर्नेका लागि बहुपक्षीय महत्व छ यस्ता कथाको भन्ने लाग्यो । चेमन ऋषि र भृगु ऋषिको कथा । बनियाँको छोरो हुँदाको पूर्वजन्मको कथा र ब्राह्मण मारेको पापको प्रायश्चित, पाप पुरुषको उत्पत्ति शरीरबाट भएको जस्ता विषयवस्तु प्रस्तुत भयो । समय बितेको पत्तै भएन । श्रीमान्श्रीमतीबीचको सम्बन्धका कुरा हरेक कथामा कुनै न कुनै रूपमा प्रकट हुने गर्थ्यो। दोस्रो प्रहरमा संस्कृत नबुझेकामा लघुताभासको अनुभूति भए पनि तेस्रो प्रहर असाध्यै रोचक भयो ।

बाँकी पृष्ठ-३ मा...

# वनभोजदेखि जन्तीसम्म सरकारी गाडी, हुँदैन कारबाही

काठमाडौं/गत शनिबार राति काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहले सिंहदरबारमा आगो लगाइदिने भन्दै फेसबुकबाट धम्की दिएको प्रसंग सरकारी गाडी प्रयोगसँग सम्बन्धित भएको विषय त धेरैले थाहा पाइसके ।

बालेनले जिल्ला प्रशासन कार्यालयबाट शनिबार पनि चलाउन मिल्ने गरी गाडीको पास लिएको भए पनि त्यतिवेला चालकले पास बोकेका थिएनन् । सरकारी गाडी दुरुपयोग गरेको र अराजक टिप्पणी गरेको भन्दै चर्को आलोचना भएपछि बालेनले उक्त पोस्ट हटाएका छन् ।

यो त सार्वजनिक भएको घटना मात्र हो, शनिबार र सार्वजनिक बिदाको दिन अनुमति विना सरकारी गाडी चलाउनु सामान्य जस्तै बनेको छ । सरकारी गाडी लिएर जन्तीदेखि वनभोजसम्म गएको घटना सार्वजनिक भएका छन् ।

गत शनिबार नै नेपालगञ्जमा विद्यार्थीको समूहले २० वटा सरकारी गाडी नियन्त्रणमा लिएर ट्राफिक प्रहरीलाई जिम्मा लगाएका थिए ।

मधेश प्रदेशको ००१ झ ०१९१ नम्बरको गाडी १४ भदौको राति रौतहट चन्द्रनिगाहपुरको एक होटल अगाडि धेरैबेर रोकिएपछि स्थानीयले सोधखोज गरे । गाडी मधेश प्रदेशको भौतिक पूर्वाधार मन्त्रालयको भएको खुल्यो । बिदाका दिन सरकारी कर्मचारी गाडी रोकेर होटलमा बसेको खुलेपछि स्थानीय बासिन्दाले कर्मचारीबारे सोधखोज गरे । त्यसपछि गाडी तुरुन्तै त्यहाँबाट हिंडेको थियो ।

गत २७ साउनको शनिबार दाङको घोराही उपमहानगर पालिकाकी उपमेयर हुमा डीसीको गाडी विना पास प्रयोग भइरहेको भेटेपछि स्थानीय युवाले रोके । त्यसैदिन सल्यानबाट सरकारी कर्मचारीको छोरा चढेर आएको सरकारी मोटरसाइकल पनि युवाहरूले रोके । ती दुवै सवारी साधन उनीहरूले जिल्ला प्रशासन कार्यालय, दाङमा बुझाए ।

२० साउन शनिबार सुनसरीको देवानगञ्ज गाउँपालिका-३ का अध्यक्ष अनिलकुमार भगतले को १ ब १३२८ नम्बरको सरकारी मोटरसाइकल लिएर घुमफिरमा हिंडेको भन्दै स्थानीयले रोके । स्थानीयले मोटरसाइकल प्रहरीलाई जिम्मा लगाउन खोजेपछि वडाध्यक्ष विवाद गर्दै उम्किएका थिए ।

२० साउनमै विद्यार्थीको समूहले डोटीमा आन्तरिक राजस्व कार्यालय सिलगढी, जिल्ला वन कार्यालय, सघन सहकारी कार्यालयको गाडी र उच्च अदालत राजपुरको मोटरसाइकल इलाका प्रहरी कार्यालय दिपायलमा बुझाएको थियो ।



६ साउनमा पास विना चलेको जिल्ला शिक्षा समन्वय इकाइ रूपन्देहीका प्रमुख दीपेन्द्र ढकाल चढेको बा २ झ १०१० नम्बरको सरकारी गाडी ट्राफिक प्रहरीले नियन्त्रणमा लिएको थियो । शनिबार जिल्ला प्रशासन कार्यालयबाट पास नलिई वसन्तपुर केबलकार स्टेसन र पाल्पाको नुवाकोट पुगेपछि जिल्ला प्रशासन कार्यालयले नै ट्राफिकलाई नियन्त्रणमा लिन निर्देशन दिएको थियो ।

शनिबार बिहान बुटवलबाट केबलकार चढेर वसन्तपुर घुम्न पुगेका उनी दिउँसो पाल्पाको नुवाकोटमा पुगेका बेला एक खाजा पसल अगाडि गाडी राखेको अवस्थामा फेला परेका थिए ।

१३ असारमा इदको बिदाका दिन अघिल्लो दिन राति सुनसरीको देवानगञ्ज गाउँपालिकाको पाचोसिम्मरमा एक सरकारी गाडी जन्ती बोकेर पुग्यो । प्रदेश २-०१-००१ झ-०००६ नम्बरको गाडीबारे स्थानीयले सोधपुछ गरे । तर, कुन निकायको भन्ने पत्ता लगाउनै सकेनन् ।

यस्तै गत १५ जेठमा गणतन्त्र दिवसका दिन उदयपुरगढी गाउँपालिकाको गाडी जन्ती बोकेर हिंडिरहेको अवस्थामा स्थानीय बासिन्दाले रोके । गाउँपालिका अध्यक्ष मानबहादुर केप्छाकी मगरको छोराको बिहेमा जन्ती बोकेर हिंडेको थाहा पाएपछि स्थानीयले नियन्त्रणमा लिएर प्रहरीलाई जिम्मा लगाएका थिए ।

**के छ नियम ?**

४ साउन २०७४ मा गृह मन्त्रालयले जिल्ला प्रशासन कार्यालयलाई पत्र लेखी सरकारी सवारी साधन बिदाको दिन समेत चलाउनुपर्ने भएमा अनिवार्य सवारी पास लिनुपर्ने व्यवस्था कडाइका साथ लागु गर्न निर्देशन दिएको थियो ।

सरकारी सवारी सञ्चालन बारे जिल्ला प्रशासन कार्यालयहरूले आ-आफ्ना मापदण्ड बनाएका छन् । कार्यालयको कामको सिलसिलामा मात्र सरकारी गाडी प्रयोग गर्नुपर्ने, कार्यालयको अत्यावश्यक काम विना कार्यालय समय अगाडि र पछाडि सरकारी गाडी प्रयोग नगर्ने, सवारी साधन प्रयोग सम्बन्धी लगबुक राख्नुपर्ने लगायत नियम बनाएका छन् ।

त्यस्तै सार्वजनिक बिदाका दिन सरकारी सवारी साधन सञ्चालन नगर्ने र बिदाको दिनमा काम गर्नुपरेमा प्रमुख जिल्ला अधिकारीबाट अनुमति लिनुपर्ने व्यवस्था पनि प्रशासन कार्यालयहरूले गरेका छन् । कार्यालयको कामको सिलसिलामा जिल्ला बाहिर जानुपर्ने भए उद्देश्यसहित जिल्ला प्रशासन कार्यालयमा एक हप्ता अगावै अनुरोध गर्नुपर्ने र अनुरोध औचित्यपूर्ण देखिएमा प्रमुख जिल्ला अधिकारीबाट सवारी साधन सञ्चालन अनुमति प्रदान गर्ने व्यवस्था जिल्ला स्तरीय मापदण्डहरुमा छन् ।

सार्वजनिक बिदाको दिन अनुमति नलिई चलेका गाडीलाई जहाँ र जहिलेसुकै प्रहरीले रोक्ने अधिकार राख्छ । तर, विभिन्न ठाउँमा नागरिकस्तरबाट पनि यस्तो विकृतिमाथि निगरानी भइरहेको छ ।

**पहुँचवालाले प्रहरीलाई सकस**

महानगरीय ट्राफिक प्रहरी महाशाखाका प्रहरी नायब महानिरीक्षक (डीआईजी) पोषराज पोखरेल सार्वजनिक बिदाका दिन चल्ने सरकारी गाडीलाई नियन्त्रणमा लिएर 'होल्ड' गर्ने मात्रै अधिकार भएको बताउँछन् । 'हामीलाई अरू किसिमका कारबाही गर्ने अधिकार छैन' उनले भने, 'कतिपय अवस्थामा त होल्ड भएका सवारी राख्न समेत ठाउँ नभएर समस्या हुन्छ ।'

डीआईजी पोखरेलका अनुसार होल्ड गरिएका गाडी सम्बन्धित निकायलाई दुरुपयोगबारे जानकारी गराएर भोलिपल्ट जिम्मा लगाउने गरिएको छ । सार्वजनिक बिदाका दिन ट्राफिक सुरक्षा जाँचमा प्राय: सरकारी गाडीहरू पास विना चलेको भेटिने गरेको पोखरेल बताउँछन् । 'धेरैजसो सवारीले त पास नै लिएर हिंडेका हुन्छन्' उनी भन्छन्, 'पास नलिई चलेका पनि केही भेटिन्छन्, तिनीहरूलाई होल्ड गरेर बुझाउँछौं ।'

काठमाडौं बाहिरबाट कामविशेषले काठमाडौं आएका सरकारी अधिकारीहरूले भने प्राय:जसो पास लिने गरेका छन् । उपत्यकाभित्रकै सरकारी कार्यालयका सवारी भने पास विना पनि चलेको भेटिने गरेको बताउँछन् ।

'सार्वजनिक बिदाका दिनमा चलेका सरकारी गाडीलाई रोकेर पास हेर्ने, पास भएमा चल्न दिने र नभए रोकेर राख्ने काम गर्छौं' उनले भने, 'नियमले योभन्दा बढी अधिकार नदिएकाले हामीले थप केही गर्न सक्दैनौं ।'

यस्ता गाडी केही समय होल्ड गरेर फेरि जिम्मा लगाउनुपर्ने र सवारी चालकले जरिबाना तिर्नु नपर्ने भएका कारण पनि नटेर्ने प्रवृत्ति देखिएको छ । 'नरोकौं भने हामीलाई दिएको जिम्मा नै त्यही हो' हेटौंडास्थित जिल्ला प्रहरी कार्यालय मकवानपुरका एक प्रहरी अधिकृतले भने, 'रोकौं भने उहाँहरूले अस्पताल र मेडिकल जान लागेको, आफन्त बिरामी भएको, एक्कासी कतै जानैपर्ने भएको जस्ता समस्या सुनाउनुहुन्छ ।'

सार्वजनिक बिदाको दिन सरकारी गाडी दुरुपयोग गर्नेमाथि कारबाहीको नियम छैन । 'यदि शनिबार पास विना चलेका सवारीलाई ट्राफिकले चिट काट्ने र त्यसको जरिबाना सम्बन्धित गाडी जिम्मा लिएका अधिकारी र त्यसका कार्यालय प्रमुख स्वयंले तिर्नुपर्ने व्यवस्था भयो भने अहिलेको विकृति कम हुन्छ' एक प्रहरी अधिकारी भन्छन्, 'सरकारी गाडीको दुरुपयोग गर्नेमाथि अन्य कुनै विभागीय कार बाही गर्नेसम्मको व्यवस्था हुने हो भने सरकारी गाडी दुरुपयोग धेरै हदसम्म कम हुन्थ्यो ।'

प्रहरी अधिकारीहरू सवारी पास लिंदा पनि झुक्याउने गरिएको बताउँछन् । व्यक्तिगत काममा हिंडेकाहरूले पनि कार्यालयबाट पास बनाउने गरेको भन्दै ती अधिकारीले भने, 'बिदाका बेला सपरिवार मुक्तिनाथ यात्रामा हिंडेका मन्त्रालय र विभागका हाकिमले अनुगमन र कार्यालयका हाकिमहरूले अवलोकन भ्रमण भन्दै पास बनाएर हिंड्छन्, कसले रोक्ने ?'

**गृह मन्त्रालय भन्छ : हालकै नियम पर्याप्त**

गृह मन्त्रालयका प्रवक्ता नारायणप्रसाद भट्टराई पास नलिई सार्वजनिक बिदामा गाडी चलाएमा नियन्त्रणमा लिएर सम्बन्धित निकायमा बुझाउने नियम नै स्पष्ट र पर्याप्त रहेको बताउँछन् । 'धेरै हदसम्म यो नियम प्रभावकारी छ, दुरुपयोग भएको हकमा प्रहरीले समातेर नियम अनुसार नै सम्बन्धित निकायमा बुझाउँछ', उनले भने ।

रूपन्देहीका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डे सरकारी गाडी व्यक्तिगत प्रयोजनमा प्रयोग नगर्ने, सार्वजनिक बिदामा विना पास नचलाउने जस्ता विषय नैतिकतासँग जोडिने बताउँछन् ।

सार्वजनिक पद धारण गरेकाहरूबाट नियम पालनाको अपेक्षा गरिने भन्दै उनले कर्मचारीको आचार संहिताले पनि कार्यालयको कामभन्दा बाहेकको अवस्थामा सरकारी गाडी सुविधा लिनु जायज नहुने बताए ।

'बिदाको दिनमा सेवा प्रवाह र कार्यसम्पादनका लागि सर कारी गाडी चलाउनुपर्ने भए रुट र समय मिलान गरेर जिल्ला प्रशासन कार्यालयबाट पास जारी हुन्छ' उनी भन्छन्, 'पास विना पटक-पटक सवारी चलाएमा सम्बन्धित कार्यालयले कारबाही पनि गर्न सक्छ ।'

*(स्रोत: अनलाइनखबर)*

# 'नाङ्गो गाउँ' गीतमा दयाहाङ र मिरुनाको लभ केमेस्ट्री

काठमाडौं/दीपेन्द्र लामाद्वारा निर्देशित फिल्म 'नाङ्गो गाउँ'को दोस्रो रोमान्टिक गीत सार्वजनिक गरिएको छ । 'सुन सुन सुन्दरी' बोलको गीतमा अञ्जु पन्त र एसडी योगीको स्वर छ भने सुष्मा सिग्देलको शब्द रचना तथा सुशान्त गौतमको संगीत छ । रामजी लामिछानेको नृत्य निर्देशन रहेको गीतमा फिल्मका मुख्य अभिनेता दयाहाङ राई र अभिनेत्री मिरुना मगरलाई रोमान्टिक मुद्रामा प्रस्तुत गरिएको छ ।



आलोक शुक्लाको छायांकन रहेको गीतमा चित्लाङ क्षेत्रको दृश्य आकर्षक छन् । प्रप्सदेखि कलाकारहरुको पहिरनसम्ममा विशेष ध्यान दिइएको गीतमा दयाहाङ र मिरुनाको केमेस्ट्री सुहाएको छ । 'नाङ्गो गाउँ' उनीहरुको तेस्रो सहकार्य हो । फिल्ममा उनीहरु श्रीमान्-श्रीमतीको भूमिकामा रहेका छन् । यो जोडीले यसअघि दुई सुपरहिट फिल्म 'कबड्डी ४' र 'जारी'मा काम गरिसकेका छन् ।

शिशिर वाङ्देल, साम्राज्ञी आरएल शाह, कार्म, वुद्दि तामाङ, रविन्द्र झा, विशाल पहारी, कमलमणि नेपाल, अंकित खड्का, पुष्कर गुरुङको पनि अभिनय रहेको फिल्ममा एसडी योगी र दीपक शर्माको संगीत, बनिष शाहको सम्पादन छ । दीपेन्द्र लामा स्वयंको कथा, पटकथा र संवाद लेखन रहेको फिल्मका निर्माता जय श्रेष्ठ, प्रस्तुतकर्ता हिमाल शर्मा र कार्यकारी निर्माता रामहरि श्रेष्ठ हुन् ।

यही भदौ २९ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्मले राजनीति विषयलाई मियो बनाएको छ । दुई हप्ताअघि सार्वजनिक ट्रेलरले फिल्म शिक्षण पेशा छाडेर राजनीतिमा उत्रिएका दयाहाङ र राजनीतिलाई व्यवसाय बनाउँदै आइरहेका शिशिर बीचको राजनीतिक लडाईंमा आधारित रहेको बुझाउँछ । निर्देशक लामा फिल्मले नेता र जनता दुवैमा इमान्दारिता चाहिन्छ भनेर प्रश्न गर्ने बताउँछन् ।

# गाउने मेरो सौख हो, अभिनय बोनसमा पाएकी हुँ : गौरी मल्ल

काठमाडौं/अभिनेत्री गौरी मल्लको छायाँमा परेको एउटा कला छ, गायन । बाल्यकालदेखि गायनमा सौखिन उनले वर्षौं पहिले केही गीत समेत रेकर्ड गराएकी छन् । तर, गायनभन्दा उनी अभिनयमा बढी रुचाइन् । र, अभिनय नै पेशा बन्न पुग्यो । जसले गर्दा उनले गायनलाई निरन्तरता दिन सकिनन् । तर, गायनप्रतिको हुटहुटी उनमा कहिल्यै कम भएन । अन्तत: वर्षौंपछि गौरी गायनमा फर्किएकी छन् ।



उनको स्वर तथा शब्दमा रहेको तीज गीत 'धिन ताका नाका धिन' मंगलबार राजधानीमा एक कार्यक्रमका बीच सार्वजनिक गरियो । गीतमा गौरीसँगै अभिनेत्री मिथिला शर्माको पनि अभिनय छ । गीत सार्वजनिक कार्यक्रममा केही उत्साहित र केही भावुक देखिएकी उनले १० वर्षपछि गीत गाएको स्मरण गरिन् । गायिका रचना रिमालले नभ्याएपछि उनी आफैं गीत गाउन स्टुडियो छिरेकी थिइन् ।

गौरीले भनिन्, '१० वर्षदेखि मैले गीत गाएकी थिइनँ । 'रियाज' थिएन । यो गीत मैले गाउने कुरा पनि थिएन । मलाई मनपर्ने गायिका रचना रिमाललाई गाउन लगाउने कुरा थियो । तर, रचनाले व्यस्तताका कारण नभ्याउने भएपछि डिजे एलएक्स भाई (संगीतकार)ले गीतअनुसार तपाईंले नै गाउँदा राम्रो हुन्छ भनेर आग्रह गरेपछि मैले प्रयास गरेकी हुँ । धेरै पटकको प्रयासपछि रेकर्डिङ्ग सकियो ।'

गौरी बाल्यकालदेखि आफ्नो तीनवटा सौख रहेको बताउँछिन् । लेख्ने, पढ्ने र गाउने । अभिनयलाई आफूले जीवनमा पाएको बोनस मान्छिन् उनी । उनी भन्छिन्, 'बाल्यकालदेखि नै मेरो लेख्ने, पढ्ने र गाउने सौख हो । अभिनय त मैले 'बोनस'मा पाएको कुरा हो । तर, यही मेरो पेशा बन्न पुग्यो । मैले होस् सम्हालेको बेलादेखि गाउन थालेकी थिएँ । घरमै 'रियाज' गर्थें । ठूलो स्वरमा गाएर बस्थें ।'

अभिनयमा पारंगत मानिने गौरीले एक सय बढी नेपाली फिल्ममा अभिनय गरेकी छन् । अघिल्लो वर्ष प्रदर्शित फिल्म 'महापुरुष'मा उनको अभिनय कलाको गजब तारिफ भएको थियो । 'धिन ताका नाका धिन' गीत सार्वजनिक कार्यक्रममा कलाकार तथा गायक मदनकृष्ण श्रेष्ठले नृत्य, गायन र अभिनय तीनवटै कलामा पोख्त रहेकाले गौरीलाई नाट्यश्वरीकी छोरी भन्दै तारिफमा शब्द खर्चिए ।

# गणेश पुराणमा सहभागी...

तेस्रो दिन, पहिलो प्रहरमा अघिल्ला दिनजस्तै संस्कृतका मिठा श्लोकले आनन्दानुभूति भयो । घन्टौंसम्म भन्ने श्लोकहरू पण्डितले कसरी सम्झेका होलान् भन्ने लाग्थ्यो । पहिलो र दोस्रो प्रहर संस्कृत वाचन नै भए । जब तेस्रो प्रहर सुरु भयो । आफ्नै समय आयो जस्तो भयो । मूल पण्डितले भन्न थाले – जीवनमा एक पटक मात्र भगवान रामको नाम उच्चारण गरेको मान्छे मरेपछि त्यसलाई नर्कमा पठाउने कुरामा चित्रगुप्तलाई शंका भएछ । एकपटक भए पनि ईश्वरको नाम लिएको भएकाले उनले इन्द्रलाई सोध्छन् । आफैं निर्णय दिन नसकेपछि इन्द्रले शिव भगवानलाई सोध्दछन् । एवंरीतले धेरै चरण पूरा भएपछि अन्त्यमा रामसँग नै सोध्न पुगिन्छ । सम्बन्धित भगवान रामसँग सोझै सम्पर्क भएपछि बीचका बिचौलियाको खासै अर्थ हुँदैन भन्ने खालको व्यावहारिक सन्देश दिने रोचक कथा हुने रहेछन् । पछ्याएर गरिने (स्नोफल) तरिकाको अनुसन्धानको उत्तम नमुनाजस्तो ।

नुहाउनका लागि बकुवा लगाएर पार्वती भित्र पसिन् । बालक छोरा गणेश बाहिर थिए । नुहाउने काम सकेपछि उनी घरमै अन्य काममा व्यस्त भइन् र छोरोलाई बाहिर राखेको कुरा भुलिन् । धेरै समयपछि गणेशका बुवा घरमा आए । गणेशले बुवा शंकर भगवानलाई नै चिनेनन् र भित्र पस्न दिएनन् । शंकरले तिम्रो बाबु हुँ भन्दा पनि आमाको आदेश भएकाले प्रवेश दिएनन् । अग्रजको आज्ञा पालना गर्नुपर्छ भन्ने सन्देश दिने यस्ता धेरै कथा सुन्न पाइयो ।

त्यस्ता कथा र उपकथाले शरीरमा सकारात्मक ऊर्जा र तरङ्गको आभास भइरहँदो रहेछ, तर हामीले आग्रह गर्दा पनि पण्डितहरूले सबै अध्यायको कथा उल्था गरेनन् । कथा वाचनका क्रममा सत्यभामाको कथा र दुबोको महिमा र महत्त्व सुनको भन्दा कैयौं गुणा बढी भएको जस्ता अतिरञ्जित लाग्ने प्रसंग पनि आएका थिए, तिनलाई छिचोल्ने गरी अन्तर्भूत गर्न सकिएन ।

पार्वतीले कुष्ठरोग लागेका श्रीमान्लाई लिएर देवघाटको मेलामा बसेको कथा र ईश्वर अनन्त भएको कुरा, विध्या भन्ने देशका राजा भीमको कथा आदि अति रोचक थिए । भीम नाम गरेका राजा बिरामी भएर ऋषि कुलतिर गए । उनका सन्तान थिएनन् । दुई मन्त्रीलाई राज्यको जिम्मा लगाएर उनी वैरागिएर वनबास हिँडे । खाने के हो, थाहा छैन । बस्ने कहाँ हो, थाहा थिएन । ती राजा दिव्या आश्रम पुगे, जहाँ वशिष्ट ऋषि थिए । सात पुस्ता पहिला उनले कुल पूजा नगरेको, मदिरा खाएर मातेको र ब्राह्मणको हत्या गरेका जस्ता कर्मले गर्दा उनले त्यो नियति बेहोर्नुपरेको हो भनी ऋषिले त्यसलाई सहज र स्वाभाविक रूपमा लिन आग्रह गरे । राजालाई शान्त बनाए ।

त्यस्ता कथाले मान्छेको मन-मस्तिष्कमा नयाँपन दिने रहेछ । इच्छा र आकांक्षा कहिले पनि पूरा हुँदैन, आफ्नो सफलता र असफलता अरुसँग तुलना गर्ने होइन जस्ता हजारौं व्यावहारिक विषयवस्तु तिनमा हुँदो रहेछ । एक दिन दुरबासा ऋषि मदगर ऋषिको कुटीमा पुगे । उनी अघोरी थिए । मदगर ऋषिले १५ दिन लगाएर आफ्नो चारजनाको परिवारलाई केही दिनका लागि जम्मा गरेको खाना एकै छाकमा खाइदिए । तथापि आफूहरू भोकै बसेर अतिथिको सत्कार गर्न पाएकामा हर्षित नै भए ।

चौथो दिन, दैनिकी उसरी नै दोहोरियो । आउने प्राय: सबै मानिसले पैसा यज्ञमा चढाए । धेरैले पाँच र दशका नोटहरू चढाएका थिए, उनीहरूले पैसा मात्र होइन फूल, दुबो, बत्ती अरु के के थालीमा वा टपरीमा लिएर आएका हुन्थे । त्यस्ता भक्तजन मन्दिरमै शिर राखेर ढोग गर्थे । अलि धेरै पैसा चढाउनेले देखाएरै चढाए । उनीहरूले फूल र अरु पूजाका सामग्री ल्याएको खास देखिएन । खासगरी पूजामा आउने मानिस पाँच किसिमका हुने रहेछन् । पहिलो प्रकारका ज्ञानी र विवेकी अर्थात् पूर्ण ईश्वरप्रतिको भक्तिभाव भएका खासै कस्तो कपडा र गहना लगाउने भन्ने मतलब नभएका । चोखा लुगा र खाना नखाएर बसेर बेलुकी बेलपत्र चढाउने अनि मात्र खाना खाने । उनीहरूमा ईश्वरप्रति पूर्ण समर्पित भाव देखिन्थ्यो ।

दोस्रो प्रकारमा भद्रगोले पर्दा रहेछन् मजस्तै, संवेदनशील कुनै काममा पनि नहुने । उनीहरु पूर्ण समय पूजामा संलग्न हुने तर पूर्ण समर्पित हुन नसक्ने । तेस्रो थरीका भक्तजन भने गर्ने होइन कि गरि दिने खालका हुने रहेछन् । भनेकाले आइदिएको, घरका जा भनेर आइदिएको, फोटो खिचेर लगेर प्रमाण पेस गर्ने खालका । चौथा थरीका मान्छे फोटो र टिकटकका पारखी देखिन्थे । उनीहरुले तुरुन्तै फेसबुकमा आफू समेत भएको फोटो फेसबुकमा राख्थे, अनि भगवान्को फोटोमा आफूलाई राखेर भगवान्प्रति समाहित हुन्थे ।

पाँचौं थरीका मान्छेमा फेसनवाला (अनुहारवाला, गहनावाला, लुगावाला) भने हुने । प्राय: दिनदिनै लुगा र गरगहना बदलेर दर्शन गर्न आउने । सारीको र मोबाइलको बाहिरी कभरको रङ समेत मिलाएर भगवान्को आराधना गरेको छु भनी विश्वास गर्ने र गराउन खोज्ने । त्यसो गरे भगवान् खुसी हुन्छन् भनी विश्वास गर्ने ! यी र यस्ता विषयले पनि रमाइलै गराएको थियो ।

चन्द्र नगरका राजाको कथाबाट तेस्रो प्रहर प्रारम्भ गरियो । ती राजाका छोरा थिएनन्, उनी असाध्यै ज्ञानी र प्रजापालक थिए । उनको देहावसान हुन्छ, सारा देशवासी दु:खी भए । राजा खोज्न हात्तीलाई एउटा माला दिएर पठाइयो । त्यो हात्तीले धेरै मिहिनेत गरेर गणेशपूजक बालकलाई माला लगाइदियो र उसलाई ल्याएर राजाको सिंहासनमा राखिदियो । जसले सत्कर्म गर्छ, उसको भाग्य कताबाट आउँछ कताबाट भन्ने सन्देश दिलाउने कथा रहेछ त्यो । व्यक्तिले राज्य खोज्ने होइन, राज्य संयन्त्रले असल नेतृत्व खोज्नुपर्छ भन्ने सन्देश त्यसरी पाइँदो रहेछ । जनक राजाको कथा, दक्ष र उनकी आमा कमलाको कथा, कृष्ण, प्रद्युम्न र अनुराधाको कथा । सबैजसो कथामा गणेश महिमाको चर्चा हुने रहेछ । राजाहरू ऋषिहरूसँग ज्ञानगुन लिन र दु:ख कम गर्न गएको कथा, त्रिपुरा राज्यको कुरा, गौतम ऋषि पुत्र भने पनि इन्द्रले रूपधारण गरेको जस्ता कथा सुन्दा त्यो दिन बितेको पत्तै भएन ।

चारौं दिनसम्मका पूजाका कार्य सम्पन्न हुँदा लगभग पूजाको दैनिकी र कथाको प्रकृतिका बारेमा सामान्यीकरण गर्न सक्ने भइसकेजस्तो लाग्यो । उही पाँच देवताका कुरा, पाँच ऋषि, पाँच राजा, पाँच प्रकारका भक्तजन, पाँच प्रकारका सिकाइ आदि-इत्यादि । हिन्दू सनातन पद्धतिका १८ पुराणमध्ये एउटा पुराण गणेश पुराण रहेछ ।

*(साभार: रातोपाटी)*

# मार्भलबाट प्रभावित भएर सुपरहिरो फिल्म बनाउँदै निखिल

काठमाडौं/कुनै समय एउटै सेड्युलमा ३/४ वटासम्म फिल्मको छायांकनमा व्यस्त रहने गरेका सुपरस्टार निखिल उप्रेती विगत ६/७ वर्षदेखि पर्दाबाट गयल छन् । यो अवधिमा उनले प्रस्ताव आएका धेरै फिल्म अस्वीकार गरे । बरु जीवन र जगतका बारेमा आफ्नो अर्थपूर्ण र तर्कपूर्ण अभिव्यक्तिका कारण उनी चर्चामा रहने गरेका छन् । जसले उनीप्रतिको बुझाई र दृष्टिकोणमा नै परिवर्तन ल्याएको छ ।



'एक्सन स्टार'को रुपमा कहलिएका निखिल अब हलिउडको मार्भल स्टुडियोको फिल्मबाट प्रभावित भएर सुपरहिरो फिल्म बनाउने योजनामा छन् । एक पोडकास्टमा उनले संसारलाई देखाउन सुपरहिरो फिल्म बनाउन लागेको बताए । उनले भने, 'म मार्भलबाट प्रभावित भएर फिल्म बनाउँदैछु । बजेट अवश्य पनि ठूलो लाग्छ । तर, नेपाली फिल्म भनेर बाहिरका लागि पनि देखाउन सकुँ न ।'

उनले फिल्मको नाम तय भैसकेको तर अहिले खुलाउन नमिल्ने बताएका छन् । फिल्मको सुपरहिरो नेपालीपन बोकेको हुने उनको भनाई छ । 'हाम्रो फिल्म विश्वले हेरोस् भन्ने उद्देश्यले नै सुपरहिरो फिल्म बनाउन लागेका हौं,' उनी भन्छन्, 'हाम्रो सुपरहिरो कस्तो होला ? कति इनोसेन्ट होला ? 'स्टाइडर म्यान' जस्तो त पक्कै नहोला । आफूसँग पावर हुँदा पनि के काम गर्ने भनेर सोच्छ होला ।'

निखिलले सुपरहिरो फिल्ममा लगानी ठूलो लाग्ने हुँदा केही व्यक्तिसँग प्रस्ताव राखेको र केहीले प्रतिवद्धता जनाएको बताएका छन् । सुपरहिरो फिल्ममा आर्टिफिसियल इन्टेलिजेन्स (एआइ)को सहयोग लिनेबारेमा पनि सोचिरहेको उनको भनाई छ । र, यसका लागि यतिबेला आफू टिम निर्माणको चरणमा रहेको उनले जानकारी गराए । फिल्मलाई आफैंले निर्देशन गर्ने उनले संकेत गरेका छन् ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# हेटौंडामा आत्महत्या रिपोर्टिङसम्बन्धी कार्यशाला

साझाकुरा संवाददाता

हेटौंडा, १९ भदौ/ आत्महत्या रिपोर्टिङसम्बन्धी पत्रकारलाई एक दिवसीय कार्यशाला गोष्ठी मंगलबार हेटौंडामा भएको छ । राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्रको आयोजनामा भएको गोष्ठीमा मकवानपुर समेत बागमती प्रदेशका ५० भन्दा बढी पत्रकारहरुको सहभागिता रहेको थियो ।




केन्द्रका निमित्त निर्देशक शीला श्रेष्ठको सभाध्यक्षता तथा बागमती प्रदेश सरकारका वन तथा वातावरण मन्त्री मसिना खड्काको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा हेटौंडा अस्पतालका डा.उद्धव लामा, प्रदेशको स्वास्थ्य मन्त्रालयका निमित्त सचिव दीपक तिवारी, केन्द्रका निमित्त निर्देशक शीला श्रेष्ठले आत्महत्या घटनाका विवरण प्रस्तुत गर्नुका साथै आत्महत्या घटनाको विषयमा समाचार सम्प्रेषण गर्दा पत्रकारले ख्याल गर्नुपर्ने कुरा र प्रयोग गर्नुपर्ने भाषाका विषयमा छलफल गरिएको थियो ।

कार्यक्रममा बोल्दै मन्त्री खड्काले नकरात्मक सोचले आत्महत्या बढेको बताइन् । उनले स्थानीय सरकारले विद्यालय, समुदाय, टोलटोलमा विभिन्न कार्यक्रम गर्नुपर्नेमा जोड दिदैं अभिभावकले आफ्ना सन्तानप्रति बढी चासो निगरानी गर्न सके आत्महत्याका घटना कम हुने बताइन् । गाउँगाउँ, सहरसहरमा सचेतना फैलाउनुका साथै आत्महत्याका घटनालाई बढी प्राथमिकतामा राखेर समाचार नलेख्न आग्रह समेत गरेकी छिन् ।

कार्यक्रममा मानसिक स्वास्थ्य, आत्महत्या गर्नुको कारण, रोकथामका विषयमा कार्यपत्र प्रस्तुत गरिएको थियो । मानिसहरु भ्ुण्डिएर, विष प्रयोग गरेर, हाम फालेर आत्महत्या गरेको पाइएको छ । कार्यक्रममा स्वास्थ्य मन्त्रालयका निमित्त सचिव तिवारी, स्वास्थ्य निर्देशनालय बागमती प्रदेशका निर्देशक महेश्वर श्रेष्ठ, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मन्त्रीका प्रमुख सल्लाहकार विश्वरुप खड्का, नेपाल पत्रकार महासंघ बागमती प्रदेशका अध्यक्ष शिव देवकोटालगायतले आत्महत्यासँग जोडिएका विषयमा आफ्ना भनाई राखेका थिए ।

कार्यक्रममा स्वास्थ्य कार्यालय मकवानपुरका प्रमुख कृष्ण मिजार, नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष मणिराज गौतम, राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्रका इन्द्रबहादुर बानियाँ, डब्लु एचएका प्रतिनिधिहरुको आतिथ्यता रहेको थियो ।

# हेटौंडामा करोड बढी मुल्यको अवैध सामानसहित ३ जना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, १९ भदौ/ मकवानपुर प्रहरीद्वारा डेढ करोड रुपैयाँ बराबरको अवैध सामान सहित ३ जना पक्राउ गरिएको छ ।

विशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय पशुपतिनगर र रातोमाटे चौकीबाट संयुक्तरुपमा खटिएको प्रहरी टोलीले हेटौंडा उपमहानगरपालिका-१५ रातोमाटे चेकपोष्टस्थित सडकमा सवारी साधनलाई रोकी चेकजाँच गर्ने क्रममा अवैध रुपमा भन्सारछली ल्याइएका लत्ताकपडा, ईलोक्ट्रोनिक्स सामान, मदिरालगायतका सामानहरु बरामद गरिएको मकवानपुरका प्रहरी प्रमुख सीताराम रिजालले बताए ।

प्रहरी प्रमुख रिजालका अनुसार भारतको सिलोङबाट सुनसरी भन्सार हुँदै बुटवलतर्फ जान आउँदै गरेको युपि ७५ एटि ८६३२ नम्बरको भारतीय ट्रकलाई चेकजाँच गर्दा भारतीय सैनिकको रिटायर्ड बन्दोबस्तीको समना रहेको छ भनि भन्सार विल देखाएकोमा शंका लागि चेकजांच गर्ने क्रममा अवैध रुपमा भन्सार छलि ल्याईएका सामानहरु बरामद भएको बताए ।

बरामद भएका सामानमा ८३ लाख २९ हजार ८ सय बराबरको लत्ताकपडा, तीन लाख ५० हजारको ईलोक्ट्रोनिक्स समान, १६ लाख ३८ हजार बराबरको मदिरा र ३१ लाख २७ हजार २ सय ५० रुपैयाँ बराबरको अन्य समान गरी जम्मा एक करोड ३४ लाख ४५ हजार ५० रुपैयाँ मूल्य बराबरको मालसमान फेला परेको रिजालले बताए ।

पक्राउ परेका मालसामान सहित ट्रकका चालक भारतको उत्तर प्रदेश टावा भद्रपुर थाना बस्ने वर्ष ५५ को गोरेलाल, ट्रकमा सवार जिल्ला तनहुँ ब्यास नगरपालिका वडा नं ४ बस्ने वर्ष ४९ को निमकाजी श्रेष्ठ र जिल्ला पर्वत विहादी गाउँपालिका वडा नं ४ बस्ने वर्ष ३९ को खेमबहादुर गुरुङलाई नियन्त्रणमा लिई आवश्यक कार बाहीको लागि राजश्व अनुसन्धान कार्यालय पथलैया बारा पठाइएको उनले बताए । पछिल्लो समय यस स्थानबाट ठुलो मात्रमा अवैध सामानहरु बरामद भैरहेका छन् ।

# तीजको अवसरमा तीन महिलालाई सम्मान

साझाकुरा संवाददाता

हेटौंडा, १९ भदौ/हेटौंडा उपमहानगरपालिका-२ मानसचोकस्थित गणपतिबाबा वचत तथा ऋण सहकारी संस्था लिमिटेडले नजिकिदै गरेको हिन्दु धर्मावलम्बी नारीहरुको महान पर्व तीजको अवसरमा तीनजना सदस्यलाई सम्मान गरेको छ ।



सहकारीले तीज विशेष कार्यक्रमको आयोजना गर्दै तीन महिला शेयर सदस्यलाई सम्मान गरेको हो । संस्थाको शेयर सदस्य रहेकी हेटौंडा-२ निवासी एकल महिला राधा काकी, लघुउद्यमी हेटौंडा-४ निवासी मालती चौधरी र प्रहरी हवल्दार हेटौंडा-८ निवासी सीता खत्रीलाई सम्मान गरिएको व्यवस्थापक युवराज तिमल्सिनाले जानकारी दिए । संघर्षशील जीवनयापन गर्दै सस्थामा नियमित वचत गर्दै आएकी कार्की, एउटा टेलर मेशिनबाट सिलाईको काम सुरु गर्दै अहिले ७ जनालाई रोजगार दिन सफल चौधरी र प्रहरी सेवामा रही समाजमा उल्लेख्य काम गर्ने हवल्दार खत्रीलाई सम्मान गरिएको व्यवस्थापक तिमल्सिनाले बताए ।

सहकारीको महिला उपसमिति संयोजक अञ्जना उपाध्यायको अध्यक्षमा भएको तीज विशेष कार्यक्रममा सहकारीका अध्यक्ष कमलराज मैनाली, सचिव झलकप्रसाद गौतम, कोषाध्यक्ष भीमप्रसाद तिमल्सिना (पवन), सदस्य शम्भु पुडासैनी लगायतको आतिथ्यता रहेको थियो । सभामा वचत तथा ऋणको सावाँ ब्याज समयमै भुक्तानी गर्ने गराउने, कुनै पनि सामाजिक उत्तर दायित्वको कार्यक्रममा सकृय सहभागिता हुने, संस्थाको बृहत्तर हितको निम्ति सदैव लागि पर्ने जस्ता ५ बुँदे संकल्प प्रस्तुत गरिएको थियो ।

कार्यक्रममा सहभागीहरुले यो बुँदाहरु कार्यान्वयन गर्न प्रतिबद्धता जाहेर गरेका थिए । कार्यक्रममा महिला उपसमितिका सदस्यहरु सुजता मैनाली, शोभा रिमाल, कर्मचारी दुर्गा चौलागाईंसहित ७० भन्दा बढी शेयर सदस्यको उपस्तिथि थियो ।

# जंगल सफारीमा विद्युतीय सवारीलई प्रोत्साहन गर्दै पर्यटन मन्त्रालय

साझाकुरा संवाददाता

हेटौंडा, १९ भदौ/ बागमती प्रदेशको संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयले जंगल सफारीमा विद्युतीय सवारी साधनलाई प्रोत्साहीत गर्न लागेको छ । चालु आर्थिक वर्षबाट प्रदेशका पर्यटकीय क्षेत्रमा जंगल सफारी गर्दा विद्युतीय सवारीका साधन प्रयोगमा प्रोत्साहन गर्न लागिएको हो ।

पर्यटकीयस्थललाई कार्बन न्युट्रल क्षेत्रको रुपमा विकास गर्न विद्युतीय सफारी सवारीका साधनलाई सहयोग गरिने कार्यक्रम समेत ल्याइएको प्रदेशको संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयका सचिव गोबिन्द रिजालले जानकारी दिए । जंगलमा वन्यजन्तु, चराचुरुङ्गीलगायत प्राकृतिक स्रोतहरु अवलोकनका लागि अहिले चितवनको सौराहा लगायतका स्थानमा जंगल सफारीका लागि डिजेल र पेट्रोलबाट चल्ने सवारीका साधनहरु कुदाउने गरिएको छ । अब जंगल सफारीमा चल्ने सवारीका साधन पेट्रोलियमपदार्थबाट नभइ विद्युतीय चलाउनुपर्छ भनेर प्रोत्साहन गर्नका लागि चालु आर्थिक वर्षमा ३ करोड रुपैयाँ बजेट छुट्याएर सहयोग गर्न लागिएको सचिव रिजालले बताए ।

एकैपटक पेट्रोलियम पदार्थबाट चल्ने सवारीका साधनलाई विस्थापति गर्न नसकेपनि बिस्तारै विस्तापित गर्नका लागि यो वर्षबाट मन्त्रालयले काम सुरु गर्न लागेको हो । पर्यटकीय क्षेत्रमा दर्जनौं सवारी साधन चल्छन् । त्यस कारणले पनि प्रदुषण निम्त्याएको छ । नेपालमा पेट्रोलियमपदार्थको मूल्यबृद्धि भइरहेको समयमा यो कार्यक्रमले विद्युतीय सवारीका साधनलाई थप प्रोत्साहन गर्ने भएको छ ।

# स्थापना दिवसमा वक्तृत्वकला प्रतियोगिता

साझाकुरा संवाददाता

हेटौंडा, १९ भदौ/नेपाल रेडक्रस सोसाइटीको ६१ औ स्थापना दिवसको अबसरमा नेपाल रेडक्रस सोसाइटी हेटौंडा उपशाखाको आयोजनामा ४ नं वडाका विद्यालय स्तरीय वक्तृत्वकला प्रतियोगिता भएको छ । प्रतियोगिता श्रमिक मावि हेटौंडाको सभाहलमा भएको हो ।

नेपाली समाजमा रेडक्रस बिषयक वक्तृत्वकला प्रतियोगितामा ब्रम्हदिक एकेडेमीकी प्रीयान्सु पोखरेल प्रथम, नबोदय शिशु सदनकी दर्शना सापकोटा द्वितीय, नबोदयकै बिदुषी तृतीय तथा श्रमिक माविकि प्रगति माली सान्त्वना भएका थिए । हेटौंडा उपमहानगर पालिका ४ नं वडाका अध्यक्ष नवीन सिग्देलको प्रमुख आतिथ्यता एवं नेपाल रेडक्रस सोसाइटी मकवानपुरका मन्त्री शुमित्रा काफ्ले र उपमन्त्री शिबहरि दाहालको बिशेष आतिथ्यमा सम्पन्न कार्यक्रममा रेडक्रस मकवानपुरका कार्यालय प्रमुख लक्ष्मण भट्टराई, पूर्वकोषाध्यक्ष पिताम्बर बास्तोला, श्रमिक माविका प्रअ श्रीराम दाहाल, प्राध्यापक मनोज पोखरेल, उपशाखाका कोषाध्यक्ष सीताराम दाहाल, उपसचिव केदार ढोडारी, उपकोषाध्यक्ष अभि मैनाली लगायतको उपस्थिति रहेको थियो ।

कार्यक्रम नेपाल रेडक्रस सोसाइटी हेटौंडा उपशाखाका सभापति किशन घिसिङको अध्यक्षतामा सम्पन्न भएको थियो । यसैगरी, नेपाल रेडक्रस सोसाइटी हेटौंडा उपमहानगरपालिका वडा नम्वर ८ ले मंगलबार रक्तदान कार्यक्रमको आयोजना गरेको छ । सोसाइटीको ६१ औं स्थापना दिवसको अवसरमा हेटौंडा-८ कमानेस्थित निमचोकमा रक्तदान कार्यक्रमको आयोजना गरेको रक्तसञ्चार केन्द्र हेटौंडाका प्राविधिक किशोर सापकोटाले जानकारी दिए । उनका अनुसार कार्यक्रममा २१ जनाले रक्तदान गरेका थिए । जसमा तीन जना महिला र १८ जना पुरुष रहेका छन् ।

# हेटौंडामा न्याय र मेलमिलाप परामर्श बैठक

साझाकुरा संवाददाता

हेटौंडा, १९ भदौ/ नेपालमा सक्रमणकालीन न्यायमा परिपुरण पुनर्स्थापना न्याय र मेलमिलाप परामर्श बैठक हेटौंडामा सम्पन्न भएको छ । मानवअधिकारका लागि महिला, एकल महिला समूह मकवानपुर र नेपाल पुन:र्स्थापकीय न्याय मंचको सयुक्त आयोजनामा कार्यक्रम भएको हो ।



कार्यक्रममा प्रमुख अतिथि हेटौंडा उपमहानगरपालिका सामाजिक महासाखा प्रमुख भीमप्रसाद तिमल्सिनाले समाजमा आर्थिक सामाजिक एवम् राजनीतिक रुपमा पछाडि रहेका द्वन्द्वपीडित तथा एकल महिलालाई केन्द्रित गर्दै शिक्षामा छात्रवृत्ति तथा विभिन्न आयआर्जनमा जोड्न विभिन्न कार्यक्रम उपमहानगरले संचालक गरिरहेको बताए । आयोगका प्रतिनिधि कृष्ण मिश्रले मकवानपुरमा परेको १३ सय उजुरीमध्ये ४ सय उजुरिको छानबीन गर्दै राज्यलाई सिफारिस गरेको बताए ।

उनले द्वन्द्वको समस्या विश्वब्यापीरुपमै रहेको तर, नेपाल अन्य मुलुक भन्दा कम रहेको भन्दै नेपालमा रहेका पीडितको न्यायका लागि राज्य पनि जिम्मेवार हुँदै उनीहरुलाई न्याय दिन लाग्नुपर्ने बताए । ईन्सेक बागमती प्रदेश संयोजक गणेश भण्डारीले द्वन्द्वपीडित तथा मानवअधिकार उल्लङ्घनको घटनामा आफूहरुले निरन्तररुपमा काम गर्दै आइरहेको बताए । उनले मानवअधिकार उल्लङ्घनको घटना कतै भैइरहेको थाहा भए संस्थामा जानकारी दिन अनुरोध गरे ।

एकल महिला मकवानपुरको कार्यबाहक अध्यक्ष शान्ता बिकको सभाध्यक्षतामा भएको कार्यक्रममा न्यायमा परिपुरण पुनर्स्थापना न्याय अध्यक्ष राम तिवारीले परिपुरण केन्द्रित न्यायसम्बन्धी कार्यपत्र पस्तुत गरेका थिए । नेपाल बार एसोसेसन मकवानपुरको अध्यक्ष अप्सरा बस्नेत, मकवानपुरमा रहेका द्वन्द्वपीडित परिवार, बेपत्ता परिवारका सदस्यहरु र एकल महिलाहरुको सहभागिता रहेको थियो ।

# बागमतीका सचिवहरुको सरुवा, कृषिका पाण्डे मधेश पुगे

साझाकुरा संवाददाता

हेटौंडा, १९ भदौ/ बागमती प्रदेशको बिभिन्न मन्त्रालयका सचिवहरुको सरुवा भएको छ । मन्त्रालयमा एक वर्षदेखि दुइवर्षसम्म काम गरेका सचिवहरुको सरुवा भएको हो ।

सरकारले एकैसाथ ५८ जना सहसचिवहरुको अन्तरमन्त्रालय र अन्तरनिकायगत सरुवा गर्ने क्रममा बागमती प्रदेशको प्रदेशप्रमुख कार्यालयका सचिव सहित बिभिन्न मन्त्रालयका सचिवको सरुवा भएको हो । संघीय मन्त्रिपरिषद बैठकले ५८ जना सहसचिवलाई संघ, प्रदेश र स्थानीय तहमा नयाँ जिम्मेवारी तोक्ने क्रममा यस प्रदेशका सचिवलाई पनि बिभिन्न निकायमा पठाइएको छ । यहाँ खाली भएका स्थानमा अरु सचिवलाई खटाइएको छ । सरकारले बागमती प्रदेश प्रमुखको कार्यालयका सचिवका रुपमा सुशील ढकाललाई खटाएको छ ।

बागमतीको आन्तरिक मामिला तथा योजना मन्त्रालयमा प्रकाश दाहाललाई खटाइएको छ । प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव शिवराम गेलाललाई गृह मन्त्रालयमा सरुवा गरिएको छ । बागमतीको कृषि तथा पशुपन्छी मन्त्रालयका सचिव डा. शरणकुमार पाण्डेलाई मधेश प्रदेशको भूमि व्यवस्था मन्त्रालयमा सरुवा गरिएको छ । त्यसैगरी राजेन्द्र कोइरालालाई बागमतीको कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा आउने भएका छन् । संघीय सरकारले इन्द्रदेव भट्टलाई बाग्मतीको खानेपानी मन्त्रालय खटाएको छ । मन्त्रालयका सचिव मोहनकुमार शाक्यलाई ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयमा जिम्मेवारी पाएका छन् ।

# वनकरियालाई आयआर्जनमा जोड्न पाडी वितरण

साझाकुरा संवाददाता

हेटौंडा, १९ भदौ/ मकवानपुरमा मात्र बसोबास गर्ने वनकरिया समुदायको आयआर्जनका लागि पाडी बितरण गरिएको छ । मनहरी गाउँपालिकाले सीमान्तकृत वनकरिया जातिको जीवनस्तर उकास्नको लागि आर्थिक वर्ष २०७९/८० मा विनियोजित बजेटबाट पाडी वितरण गरेको हो ।

३ लाख बजेटमध्ये वडा नम्बर ४ मा बसोबास गर्ने कम आयआर्जन भएका १० घर परिवार सीमान्तकृत वनकरियालाई पाडी वितरण गरिएको हो । ४ नम्बर वडा कार्यालयको सिफारिसको आधारमा पाडी वितरण गरिएको गाउँपालिकाले जानकारी दिएको छ । बिनियोजित बजेट तीन लाख भएता पनि वितरित पाडीको सरदर (ठूलो तथा सानोको) मुल्य २५ हजार रहेको सामाजिक विकास शाखा प्रमुख शैलेश बास्कोटाले जानकारी दिए ।

पाडी वितरणपछि सीमान्तकृत वनकरियाको जीवनमा परिवर्तन आउने अपेक्षा गाउँपालिकाले लिएको छ । पाडी वितरण पश्चात गाउँपालिकाको अन्य विपन्न वर्गले समेत गाउँपालिकाको पशुपन्छी विकास शाखामा पाडी माग गरेको शाखाले जनाएको छ ।

पाडीलाई निश्चित समय हुर्काएपछि दूध दिन थाल्ने भएपछि किसानहरु पाडी लिन इच्छुक देखिएका हुन् । भैंसी नै खरिद गर्नुपरे किसानलाई ७० हजारदेखि १ लाख रुपैयाँसम्म पर्न जान्छ । तर, गाउँपालिकाले दिएको पाडी हुर्काएपछि किसानहरुलाई फाइदा हुने बताइएको छ ।

# ६३ जनालाई गरिब परिवारको परिचयपत्र

साझाकुरा संवाददाता

हेटौंडा, १९ भदौ/ मकवानपुरको पश्चिमी क्षेत्रस्थित मनहरी गाउँपालिका-५ नम्बर वडाले ६३ जनालाई गरिब परिवार परिचयपत्र प्रदान गरेको छ ।

आइतबार वडा कार्यालयमा एक कार्यक्रमको आयोजना गरी गरिब परिवार परिचयपत्र वितरण गरेको हो । नेपाल सरकारको भूमि व्यवस्थापन तथा गरिबी निवारण मन्त्रालयबाट गरिबीको रेखामुनी रहेका ६३ जनालाई गरिब परिवार परिचयपत्र वितरण गरिएको वडाअध्यक्ष दीपेन्द्र अधिकारीले जानकारी दिए । कार्यालयले १६ जना सामान्य, २८ जना मध्यम र १९ जना अति गरिबसहित ६३ जनालाई परिचयपत्र वितरण गरिएको हो । हाल सबै वडाको लागि गाउँपालिकाले गरिब परिवार परिचयपत्र वितरणका लागि पठाइसकेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मोहन श्रेष्ठले जानकारी दिए ।

# बागमती कांग्रेसका प्रमुख सचेतक काफ्ले दिए राजीनामा

साझाकुरा संवाददाता

हेटौंडा, १९ भदौ/नेपाली कांग्रेस केन्द्रीय सदस्य तथा बागमती प्रदेशसभा सदस्य कुन्दनराज काफ्लेले प्रमुख सचेतकबाट राजीनामा दिएका छन् । उनले बागमती प्रदेशको नेपाली कांग्रेसका बागमती प्रदेश संसदीय दलको प्रमुख सचेतकबाट राजीनामा दिएका हुन् ।

उनले कांग्रेस बागमती प्रदेश संसदीय दलका नेता बहादुर सिंह लामालाई राजीनामा बुझाएका हुन् । राजीनामा बुझाएपछि उनले सामाजिक सञ्जाल फेसबुकमा लेखेका छन्, 'गतिशील र सवल कांग्रेसले मात्र यो देश र लोकतन्त्रको भविष्य सुनिश्चित हुने सबैमा बोध भएकै कुरा हो । प्रमुख सचेतकको भूमिका निर्वाह गर्दा, पाटी संगठन र दोलखाली जनसेवामा समय अभाव महसुस गरेको छु । अत: केन्द्रीय सदस्यको रुपमा कांग्रेसमा नवीन उर्जा भर्न थप क्रियाशील रहन र दोलखाली जनताको सेवामा थप समर्पित हुन सो पदबाट राजीनामा दिएको छु ।'

काफ्लेलाई नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलको २०७९ माघ २ गते बसेको बैठकले प्रमुख सचेतकमा नियुक्त गरेको थियो । काफ्ले प्रदेशसभामा दोलखा निर्वाचन क्षेत्र नम्बर-१ (क) बाट निर्वाचित सांसद हुन् । नेविसंघका पूर्वमहामन्त्री रहेका उनी कांग्रेसको १४ औं महाधिवेशनबाट केन्द्रीय सदस्य भएका थिए ।

# परिवार नियोजनको क्लिनिक उद्घाटन

हेटौंडा, १९ भदौ/नेपाल परिवार नियोजन संघ मकवानपुर शाखा र ११ नम्बर वडाको सिमलटार टोल विकास समितिको संयुक्त आयोजनामा साप्ताहिक क्लिनिक स्थापना गरिएको छ ।

परिवार नियोजनका संघका सभापति इश्वर पण्डितको सभाध्यक्षतामा भएको क्लिनिक उद्घाटन कार्यक्रममा नेपाल परिवार नियोजन संघ मकवानपुर शाखाका निवर्तमान सभापति तथा संघका केन्द्रीय सदस्य निगम श्रेष्ठको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा ११ नम्बर वडा टोल समन्वय समितिका अध्यक्ष यज्ञ आचार्य, संघका शाखा प्रबन्धक ममिता श्रेष्ठलगायतको उपस्थिति थियो । कार्यक्रमको सञ्चालन संघका कोषाध्यक्ष फूलमान श्रेष्ठले गरेका थिए ।

क्लिनिक हप्ताको एक दिन शनिवार सञ्चालन गरिने भएको छ । क्लिनिकबाट पाठेघरको परीक्षण, आयूसिटी इन्प्लान्ट लगाउने र झिक्ने काम, एचआइभी एड्स सम्बन्धी परीक्षण सेवा, सुरक्षित गर्भपतन सम्बन्धी सेवा, मातृशिशु सम्बन्धी सेवालगायत परिवार नियोजनका अस्थायी साधानहरु पनि वितरण गरिने संघका निवर्तमान सभापति श्रेष्ठले जानकारी दिए ।

# बागमती प्रदेशसभा बैठक २४ भदौलाई धकेलियो

साझाकुरा संवाददाता

हेटौंडा, १९ भदौ/ बागमती प्रदेशसभा बैठक बुधबार पनि नबस्ने भएको छ । २ महिनापछि हिजो सोमबारको लागि बोलाइएको बैठक हिजो दिनभर दलको नेताहरुबीच सहमति हुन नसकेपछि भोलि बुधबारको लागि तय भएको थियो । तर, भोलि पनि बैठक नबस्ने भएको छ ।

दलहरुबीचको सहमति अनुसार अब भदौं २४ गते अपराह्न १ बजे बस्ने भएको छ । बैठक यही भदौं २४ गते बिहान साढे ११ बजे बस्ने गरी सरेको प्रदेशसभाका सभामुख भुवनकुमार पाठकले जानकारी दिए ।

# मकवानपुरमा थप २३ जनामा डेंगू संक्रमण

साझाकुरा संवाददाता

हेटौंडा, १९ भदौ/ मकवानपुरमा थप २३ जनानमा डेंगू संक्रमण पुष्टि भएको छ । जिल्लामा पछिल्लो २४ घण्टामा गरिएको परीक्षणमा २३ जनामा डेंगू संक्रमण पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ ।

पछिल्लो २४ घण्टामा गरिएको परीक्षणमा हेटौंडा उपमहानगरपालिकाका १५ जना र मनहरी गाउँपालिकाका ८ जनामा डेंगू संक्रमण पुष्टि भएको हो । यससँगै जिल्लामा गत साउन १ गतेदेखि मंगलबारसम्म डेंगू संक्रमितको कूल संख्या ३८० पुगेको छ । जसमा सबैभन्दा धेरै संक्रमित हेटौंडा उपमहानगरपालिमा रहेका छन् । यहाँ २६० जनामा डेंगू संक्रमण पुष्टि भएको छ ।

यसैगरी, थाहानगरपालिकाका एक जना, मकवानपुरगढी गाउँपालिकाका ९ जना, बागमती गाउँपालिकाका १६ जना, मनहरी गाउँपालिकाका ३१ जना, इन्द्रसरोवर गाउँपालिकाका एक जना, भीमफेदी गाउँपालिकाका १० जना, बकैया गाउँपालिकाका ९ जना र राक्सिराङ गाउँपालिकाका १ जनामा डेंगू संक्रमण पुष्टि भएको छ ।

सोही अवधिमा हेटौंडा अस्पतालमा ४० जना र अन्य जिल्लाका दुई जनामा संक्रमण पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ । यस्तै, सो अवधिमा जिल्लामा डेंगू संक्रमणका कारण एकजनाको मृत्यु भएको छ । मृत्यु हुनेमा हेटौंडा उपमहानगरपालिका-१३ का एकजना पुरुष रहेका छन् ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना